## हार्दिक शुभकामना

नेपालीहरूको महान चाड तिहार २०७५ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनी तथा हाम्रा पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै हाम्रो भेट आगामी कात्तिक ३० गते शुक्रबार हुने जानकारी समेत गराउँछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## जनमतसंग्रह माग

काठमाडौं । नेपालका लागि पाकिस्तानका राजदूत मजहर जावेदले कठिन समयमा नेपालबाट प्राप्त साथ र समर्थनप्रति पाकिस्तानी सरकार एवं जनता आभारी भएको बताएका छन् ।

पाकिस्तानी राजदूतावासमा ' जम्मु-काश्मिर विवाद र मानवअधिकार उल्लंघनका घटनामा वृद्धि' विषयमा आयोजित प्रवचन कार्यक्रममा बुधबार उनले सरकारीस्तरमा मात्र नभई जनस्तरमा पनि दुई देशबीचको सम्बन्ध सुदृढ रहेको बताए । उनले भने, 'दुवै **बाँकी ८ पेजमा**

वर्ष ७ अंक २८, २०७५ साल कात्तिक १६ गते शुक्रबार, नेपाल संवत् ११३८ (Nov. 2, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेकपाका नेता-कार्यकर्तामा चरम निराशा

काठमाडौं । तत्कालीन एमाले र माओवादी केन्द्र मिलेर गत जेठ ३ गते घोषणा गरिएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अहिले संगठन, सिद्धान्त र कार्यदिशा सबैमा अस्तव्यस्त देखिएको छ । एकतापछि इतिहासकै सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीको उपमा पाएको नेकपाका नेता तथा कार्यकर्ताहरु खालमा हारेको जुवाडेझैँ किंकर्तव्यनिष्ठ अवस्थामा छन् । एकता जगबाट भएको भए यस्तो स्थिति उत्पन्न सायद हुन्नथ्यो । टुप्पाबाट एकता हुँदा पार्टीको हालत कस्तो हुन्छ भन्ने उदाहरण बनेको छ नेकपा । नेता तथा कार्यकर्ताहरु कोही 'भाग खोस्न आएको' त कोही हेपिएको मानसिकतामा देखिन्छन् । पार्टी एकता त भनियो तर भावनात्मक एकता नहुँदा नेकपाले झनै संकट झेल्दै जानुपर्ने परिस्थिति निर्माण भइरहेको छ । एउटै पार्टीको दुई जना अध्यक्षको अनौठो सांगठनिक अभ्यासले नेकपालाई सुदृढ र गतिशील बनाउने त कुरै छोडौं, प्यारालाइसिसको असहज अवस्थामा उभ्याइदिएको छ । केपी ओली र प्रचण्ड नामका दुई शेरहरुको मात्र नेकपारुपी जंगलमा राज छ । अरु नेता तथा कार्यकर्ताहरु भूमिकाविहीन छन् । विभिन्न गुट र उपगुटले थिलथिलो भएको नेकपाको अस्तित्व भन्नु सरकार मात्र देखिएको छ । एक जना अध्यक्ष सरकारको भूमिकामा मन्त्री हुनेहरु बाहेक बाँकी नेता कार्यकर्ता बेरोजगार देखिन्छन् । एकताले उत्साह ल्याउनुपर्ने हो तर पार्टी पंक्तिमा देखिएको छ हतोत्साह मात्र ।

पार्टी एकीकरणका क्रममा घोषणा गरिएको केन्द्रीय कमिटी (स्थायी समिति र पोलिटब्युरो समेत) बाहेक अन्य कुनै तल्ला कमिटीहरु अस्तित्वमा नहुनुले नेकपा मृत पार्टी जस्तै बनेको छ । निर्णय प्रक्रियामा सर्वेसर्वा रहेका अध्यक्षद्वय ओली र प्रचण्डका अलावा नेकपाको नेतृत्वपंक्ति अस्तित्वमा देखिँदैन । कुनै पनि कम्युनिस्ट पार्टी सामुहिक नेतृत्व प्रणालीमा संस्थागत रुपमा चल्ने ऐतिहासिक मान्यता छ । तर नेकपामा नेतृत्व प्रणाली र संस्थागत परिपाटीलाई होइन, व्यक्तिलाई केन्द्रमा राख्ने र व्यक्तिले सिंगो पार्टीलाई आफ्नो वरिपरि घुमाउने प्रयत्न भइरहेको छ । अध्यक्षहरु ओली र प्रचण्ड नै एक अर्कोप्रति विश्वस्त छैनन् । बैठकको



अध्यक्षता गर्ने र पार्टीको दस्तावेजमा दुवैको हस्ताक्षर अनिवार्य गरिएबाट अविश्वासको खाडल प्रस्टै देखिन्छ । नेकपा व्यक्तिमुखी पार्टीमा रुपान्तरित भइरहेको छ । पार्टीका मिटिङहरु पार्टी कार्यालयमा भन्दा बढी बालुवाटारमा हुनु र नेता कार्यकर्ताको भीड पनि दुई अध्यक्ष ओली र प्रचण्डकहाँ लाग्नुले पार्टीमा व्यक्ति हावी रहेको बुझ्न सकिन्छ । राजनीतिक नियुक्ति, नीतिगत निर्णय, सरकारको नीति तथा कार्यक्रम, बजेट आदिबारे पार्टीका अन्य शीर्ष नेताहरुले सार्वजनिक सञ्चार माध्यमबाट थाहा पाउनुपर्ने विडम्बनापूर्ण स्थिति आउनुले नेकपाको नेतृत्व कति स्वच्छचारी छ भन्ने थाहा हुन्छ ।

एकतापछि पार्टीको कमिटी प्रणाली अस्तित्वमा छैन । केन्द्रदेखि स्थानीय तहसम्मका नेता तथा कार्यकर्ता फुर्सदिला छन्, उनीहरुमा पार्टीको कुनै जिम्मेवारी छैन । जनसंगठनहरु त बन्न सकेका छैनन् । ७७ जिल्ला र ७५३ स्थानीय तहमा पार्टी संगठन कस्तो बन्ने हो कसैलाई थाहा छैन । विवादका बीच केन्द्रीय सचिवालयले प्रादेशिक कमिटीहरुमा नेतृत्वको टुंगो लगाए पनि कमिटीले कहिले पूर्णता पाउने हो अनिश्चित नै छ । प्रादेशिक कमिटीको इन्चार्ज र अध्यक्ष सचिवालयले तोकेकोमा वरिष्ठ नेता माधवकुमार नेपालले विरोध जनाउनु, बैठकमा फरक मत राख्नुले पार्टीभित्र अध्यक्षद्वय ओली र प्रचण्डको दवदबालाई सहज बुझ्न सकिन्छ । पार्टीभित्र ओली र प्रचण्डबाहेक अन्य नेताहरु गुमनाम जस्तै छन् ।

नेकपाको सिद्धान्त के हो ? तत्कालीन एमाले र माओवादी केन्द्र दुवै पार्टी विधान, एकता घोषणापत्र र त्यसअघिका सहमतिहरु अध्ययन गर्दा मार्क्सवाद लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्न सहमत भएको देखिन्छ । मार्क्सवाद, लेनिनवादलाई नेपालको परिवेशमा कसरी ढाल्ने भन्ने बारेमा नेकपा मौन छ । यसको सिर्जनशील प्रयोगमा हरेक देशले आआफ्नै देशका विशेषतालाई यसमा थप गरेका हुन्छन् । तर नेकपाले मार्क्सवाद लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त स्वीकारे पनि यसको प्रयोगको सन्दर्भबारे कतै छलफल समेत गरेको पाइँदैन । कार्लमार्क्सको विचार पद्धति र उनका विचारहरुको समष्टिगत सार नै मार्क्सवाद हो । मार्क्सवादको प्रतिपादन मार्क्स र एंगेल्सबाट भएको थियो । मार्क्सवाद भनेकै यी दुईको विचारहरुको प्रणाली हो । आइएसएम शब्दको नेपाली अनुवाद हो वाद । सामाजिक, आर्थिकम व्यवस्था र विचार पद्धति, वैचारिक व्यवस्था जथनाउने अर्थमा ' वाद' को प्रयोग गरिन्छ । मार्क्सवाद एउटा विज्ञान हो । दर्शन, सामाजिक सिद्धान्त र समाजवादी सिद्धान्त यसका प्रमुख विषयवस्तु हुन् । मार्क्सवादको विचारधारात्मक स्रोतहरु दर्शनको क्षेत्रमा जर्मन शास्त्रीय दर्शन, आर्थिक सिद्धान्तको क्षेत्रमा शास्त्रीय पुँजीवादी, राजनीतिक अर्थशास्त्र र समाजवादको क्षेत्रमा उन्नाइसौं शताब्दीको काल्पनिक समाजवाद हो ।

पहिलेका सिद्धान्तहरुमा रहेका सकारात्मक पक्षहरुलाई नयाँ आधारमा विकसित गरी प्रतिपादन गरिएको विश्व दृष्टिकोण हो मार्क्सवाद । यसको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो । हामी जसलाई ऐतिहासिक भौतिकवाद भन्छौं । त्यो इतिहासको क्षेत्रमा मानव जातिको ऐतिहासिक **बाँकी ८ पेजमा**

## राष्टपतिको कतार भ्रमण किन ?

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारी कतारको चार दिने औपचारिक भ्रमण पूरा गरी स्वदेश फर्केकी छन् । उनको कतार भ्रमणबाट नेपालले केही नपाए पनि भ्रमणलाई सफल र फलदायी भनेर सरकारी सञ्चार माध्यमहरुले राष्ट्रपतिको प्रशस्ती गाइरहेका छन् । राष्ट्रपतिको कतार भ्रमणले अन्य खाडी मुलुकहरुको नेपालको कूटनीतिक सम्बन्धमा दरार उत्पन्न हुन सक्नेतर्फ कूटनीतिक विश्लेषणहरुले औंल्याइरहेका छन् ।

राष्ट्रपतिको कतार भ्रमण आपसी सम्बन्ध सुधारका लागि भनेर परराष्ट्र मन्त्रालयले जानकारी गराएको छ । कतार भ्रमण किन र केका लागि भनेर कूटनीतिक वृत्तमा प्रश्न उठिरहेका बेला परराष्ट्रको यस्तो भनाइ आएको हो । कतारसँगको द्विपक्षीय सम्बन्ध के कारणले बिग्रिएको थियो ? र राष्ट्रपतिलाई सरकारले कतार भ्रमण गराउनु पऱ्यो भन्ने यथार्थता भने परराष्ट्र मन्त्रालयले खुलाउन सकेको छैन । अघिल्लो वर्ष राष्ट्रपतिले युएईको भ्रमण गरेपछि कतार रिसाएको र सम्बन्ध सुधार्न राष्ट्राध्यक्षले कतार भ्रमण गर्नुपरेको परराष्ट्रका अधिकारीहरुको भनाइ छ ।

इस्लामिक उग्रवादी संगठन आईएसलाई आर्थिक सहयोग गरेको भन्दै साघदी अरब र युएई लगायत ६ वटा खाडी राष्ट्रहरुले कतारमाथि ५ जुन २०१७ देखि कुटनीतिक सम्बन्ध विच्छेद गरी नाकाबन्दी लगाएका छन् । कतारले अमेरिकासँग **बाँकी ८ पेजमा**

## ३ लाख माला आयात

काठमाडौं । यस वर्षको तिहारमा करिब तीन लाख विभिन्न जातका माला भारतबाट आयात हुने अनुमान गरिएको छ ।

फ्लोरीकल्चर एसोसिएसन नेपालका अध्यक्षकुमार कसजुले तिहारलाई माला अपुग हुने देखिएकाले यसवर्ष झन्डै ११ करोडको ४५ जातका तीन लाख सयपत्रीका माला र फूल आयात गर्न लागिएको बताए । भाइटीकामा काठमाडौंलाई मात्र १५ देखि १७ लाखको माला आवश्यक पर्छ । राजधानीमा झन्डै ५० लाख मानिस बसोबास गर्छन् ।

आव ०७४(०७५ मा एक अर्ब ८७ करोड बराबरको फूलको कारोवार भएको थियो भने ११ करोडको फूल आयात भएको थियो । तिहारमा सयपत्री, मखमली र गोदावरी फूल, माला र गमला बिक्री हुन्छ ।

## मालेले सम्झियो शम्भुरामलाई

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज व्यक्तित्व क.शम्भुराम श्रेष्ठको ९८ औं जन्मजयन्ती नेकपा (माले) को पार्टी कार्यालयको सभा हलमा एक समारोहको आयोजना गरी मनाइएको छ । नेकपा (माले) काठमाडौं जिल्ला कमिटीद्वारा आयोजित कार्यक्रममा पार्टीका महासचिव सीपी मैनालीले शम्भुरामको तस्बिरमा माल्यार्पण गर्दै श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । दिवंगत वाम नेता शम्भुरामका परिवारका सदस्यहरु तथा नेकपा मालेका नेता, कार्यकर्ता र शुभेच्छुकहरुले खचाखच भरिएको हलमा महासचिव मैनालीले शम्भुरामका योगदानको चर्चा गर्दै सम्पूर्ण जीवन शोषित पीडितको मुक्तिको लागि खर्चनुभएका र नेपाललाई विदेशी हस्तक्षेप मुक्त राख्न र नौलो जनवाद लागू गर्ने कार्यमा निरन्तर संघर्ष गरेका



अग्रज वाम नेताको योगदान बिर्सन नहुने बताउनुभयो । महासचिव मैनालीले कमरेड शम्भुराम सधैंभरि सिद्धान्तनिष्ट कम्युनिस्ट एकताको पक्षमा रहनुभएको र छुट्टै कम्युनिस्ट पार्टीभन्दा कम्युनिस्ट लिग खोलेर मार्क्सवादी दर्शनको उन्नयनमा सदासर्वदा अविचलित रुपमा लाग्नुभएकाले **बाँकी ८ पेजमा**

## लडाईंको तयारीमा जिनपिङ

काठमाडौं । साउथ चाइना सी र ताइवानलाई लिएर लामो समयदेखि चलिरहेको विवाद पछिल्लो समय झन् तनावग्रस्त बनेपछि चिनियाँ राष्ट्रपति सी जिनपिङले देशका सेनालाई लडाईंको तयारीमा ध्यान दिन निर्देशन दिइरहेको द सनले जनाएको छ । गत हप्ता मात्र यही विषयमा अमेरिकालाई चेतावनी दिँदै चीनले आफ्नो एक भाग जमिन पनि नछाड्ने बताएको थियो । भ्रमणका क्रममा त्यहाँका जर्नेल र सेना समूहसँग भेट गर्ने क्रममा उनले यस्तो भाषण दिएका हुन् । त्यसैगरी, उनले साउथ चाइन सीमा खटाइएका क्षेत्रीय कमान्डलाई पनि ठूलो जिम्मेवारी लिने समय आएको बताएका हुन् । जस्तोसुकै युद्धमा पनि देशलाई जित हासिल गराउन सक्षम बनाउने नीतिलाई जिनपिङले पहिलेदेखि नै प्राथमिकतामा राख्दै आएका छन् ।

तर, उनको सो बयानले भने अमेरिका लगायत पश्चिमी राष्ट्रसँग जारी तनावलाई नयाँ स्तरमा पुऱ्याएको बताइएको छ । वास्तवमा केही समयअघि अमेरिकाले चिनियाँ सेनामाथि लगाएको प्रतिबन्धप्रति चीनले गम्भीर असन्तुष्टि जनाइरहेको छ ।

## नि:शुल्क आँखा शल्यक्रिया

युवा नेत्र सेवाले २२ औं निशुल्क मोतिबिन्दु शल्य क्रिया अन्तर्गत कीर्तिपुरको नगर मण्डप श्रीकीर्ति महाविहारमा देशका विभिन्न भागबाट आएका ३७ जनालाई नि:शुल्क सफल शल्यक्रियापछि औषधी र परामर्श दिएको छ । युवा नेत्र सेवाले विगत २१ वर्षदेखि लगातार निशुल्क नेत्र शिविर तथा मोति बिन्दुको शल्यक्रिया




**बाँकी ८ पेजमा**

## समय-सन्दर्भ

## ईश्वरले न्याय गर्लान् त ?

**शिवप्रसाद दाहाल**

निरीह जनताले अन्यायमा परेमा सर्वप्रथम प्रहरी र प्रशासन (सीडीओ) यी दुई निकाय हुन् न्यायको याचना गरिने । यसपछि न्यायपालिका, कार्यपालिका (प्रधानमन्त्री र गृहमन्त्री) पहिला दुई तहपछिका दुई तहबाट पनि नभएपछि व्यवस्थापिकामा आफूले भोट दिएर पठाएका सांसदको माध्यमबाट संसदद्वारा न्याय दिलाउन दबाब दिनु हो ।

तर खोई निर्मला पन्त र चमेलीपुत्र ११ वर्षीय निशान खड्का र तथकथित पुलिसद्वारा घोषित हत्यारा र अपहरणकारी भनिएका गोपाल तामाङ र अजय तामाङलाई सयौं दर्शक जनताका अगाडि घर डेराबाट डकैती पारामा पक्री हत्कडी लगाई पिट्दै लगेर पाइलटबाबाको आश्रम भएको जंगलमा संदिग्ध अवस्थामा देखिएका व्यक्तिलाई पक्रन खोज्दा आक्रमण गरी भाग्न थालेकाले हत्या भएको भन्ने फर्जी प्रहरी तहकिकात संदेहको गर्भमा यथावत छ, यो कुत्तेकी मौत जस्तै भयो ।

यता प्रहरी एसपी डिल्लीराज 'द इम्पेरर्स न्युक्लोथ' का न्यु क्लोथ धारण गरेका इम्पेरर जस्तै पौने तीन करोड जनता मात्र होइन, विदेशी जनताले पनि देखिरहेका छन् । यही बलात्कारी र हत्याको नाइके प्रमुख डिल्ले बिष्टलाई भरपुर सहयोग गर्ने तत्कालीन सीडीओ कुमारबहादुर खड्कालाई केन्द्रमा ल्याएर सोमप्रसाद पाण्डे संयोजक रहेको वार्ता समितिको सदस्य गराई सम्मानित गरिएको छ भने के गरी न्याय हुन सक्छ ?

मुख्य अपराधी एसपी बिष्ट जगजाहेर छ, यसैले डीएसपी, ई.एकेन्द्र खड्कालाई प्रयोग गरेको छ । एकेन्द्रले प्रहरी कान्स्टेबुल चाँदनी साउदलाई निर्मलाको शवको रगत र वीर्यको अवशेष र रातो सुरुवाल जुन रगत मुछिएको थियो, धुन आदेश दियो । त्यो सिपाही चाँदनी साउदलाई निलम्बन गर्नै नहुने । उनले त इन्स्पेक्टरको आदेशलाई पालन गरेकी हुन् । सीडीओ कुमार खड्का, एसपी डिल्ले, ई.एकेन्द्र, डीएसपी यी सबैलाई बर्खास्त गरी नेल हत्कडी लगाई बबिता भनिने अनिता बमका दिदीबहिनी दुवैलाई हत्कडी लगाई पुलिसको थर्ड डिग्री दण्ड प्रयोग गरी अनुसन्धान गरी पूर्व नाटकीय डिल्ले बिष्टले अनुसन्धान गर्दा पीडित, दिलिप बिष्टहरु, कलेजका युवतीहरु, न्यायको याचना गर्दै आएकी पीडित महिलाहरुले उपचारसहित पर्याप्त क्षतिपूर्ति पाउनुपर्ने त्यसको अविलम्ब परिपूर्ति गर्नुपर्ने हो ।

न्याय माग्न पुलिसकोमा जान रमेश खरेल, नवराज सिलवाल जस्ता पुलिस छैनन्, अदालतमा जान हरिप्रसाद प्रधान, **बाँकी ८ पेजमा**

## शोधनान्तर घाटा साढे २५ अर्ब

काठमाडौं । चालु आर्थिक वर्षको दुई महिनामा मुलुकको शोधनान्तर घाटा २५ अर्ब ४५ करोड पुगेको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १९ अर्ब ५८ करोडले बढी हो ।

उच्च आयातसँगै मुलुकको बाह्य क्षेत्रमा अपेक्षित रूपमा सुधार नहुँदा मुलुकको भुक्तानी सन्तुलन ऋणात्मक बनेको हो । पेट्रोलियम पदार्थ, यातायातका साधन र औद्योगिक सामग्रीको उच्च आयातका कारण २ महिनामै चालु खाता घाटा ३५ अर्ब ५६ करोड रुपैयाँ पुगेको राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५ अर्ब ८२ करोड रुपैयाँले बढी हो । चालु खाता घाटाको असरले अहिले विदेशी मुद्रा सञ्चिति घट्न थालेको छ ।आयात ३८ दशमलव ५ प्रतिशतले बढेर रु दुई खर्ब ३२ अर्ब ३५ करोड पुगेको र निर्यात रु १४ अर्ब ७० करोडमा सीमित भएको उल्लेख गरिएको छ ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# भ्रष्टाचार रोक्ने संकल्प गरौं

मुलुक भ्रष्टाचारको दलदलमा नराम्रोसँग फसेको छ । दिनहुँजसो मालपोत, नापीलगायत जनतासँग प्रत्यक्ष सरोकार राख्ने अड्डाका कर्मचारीहरू घूस खाएको रकमसहित रंगेहात अख्तियारको फन्दामा परेका समाचार सार्वजनिक भइरहँदा पनि भ्रष्टाचारीको मनोबलमा ह्रास आएको छैन । भ्रष्टाचारको जालो कति व्यापक छ भन्ने कुरा अख्तियार प्रमुखले केही दिन पहिले व्यक्त गरेको एउटा भनाइले पनि स्पष्ट हुन्छ । मालपोत कार्यालयभित्रका भ्रष्टाचारीलाई साँच्चीकै कारबाही गर्ने हो भने कार्यालय नै खाली हुन सक्नेछ भन्ने अभिव्यक्ति अख्तियार प्रमुखबाट आउनुले भ्रष्टाचारको व्यापकता छर्लंग पारेको छ । सर्वत्र मौलाएको भ्रष्टाचारले सेवाग्राही जनता साँच्चीकै ठूलो मारमा परेका छन् । भ्रष्टाचारका कारण ठूलो परिमाणमा राजस्व चुहावट भइरहेकाले देश विकासमा खर्चने रकमले भ्रष्टाचारीले विलासितापूर्ण जीवन बिताइरहेका छन् । जुनसुकै सरकार सत्तामा हुँदा पनि भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने विषयलाई आफ्नो नीति, कार्यक्रममा प्राथमिकतामा राखेको हुन्छ । कार्यान्वयन पक्ष फितलो हुनु र माथिल्लो तहमा समेत भ्रष्टाचार नियन्त्रण हुन नसक्दा त्यसको सोझो प्रभाव तलसम्म परिरहेको छ ।

भ्रष्टाचारीलाई तह लगाउन अख्तियारले विगतमा केही सक्रियता देखाएर ठूला माछा भनिनेहरूलाई समेत जालमा पारेको थियो । यस्ता ठूला माछा कतिले अदालतको सहयोगमा जाल छिनाएर उन्मुक्त भए पनि कतिपय लामो समयदेखि अदालतको निर्णयको प्रतिक्षामा रहेका छन् । अहिले ठूला माछाको चर्चा हुने गरे तापनि अख्तियारले त्यसतर्फ हात बढाउन सकेको छैन । तल्लो तहका भ्रष्टाचारीलाई मात्र कारबाही गरेर अख्तियारले चर्चा बटुलिरहेको छ । नदीमा सफा पानी बग्नका लागि मुहानदेखि नै सफा हुनुपर्छ । नीतिगत तहमा बस्ने अथवा मुहानमा बस्नेहरूको आचरण खराब भएमा त्यसको असर तल्लो तहसम्म पुग्ने गरेको छ । सार्वजनिक संस्थानका ठूलठूला नियुक्तिदेखि लिएर विभिन्न सरकारी अड्डाका हाकिमहरूको सरूवामा समेत ठूलो आर्थिक चलखेल हुने गरेको छ । पैसा खुवाएर पद हत्याउनेहरूले आफ्नो पहिलो मिसन नै खर्च गरेको लगानी उठाउने बनाएका हुन्छन् । लगानी उठाउन सम्बन्धित विभाग, कार्यालयमा यस्ता व्यक्तिहरूले भ्रष्टाचारको जालो बिछ्याउने गरेका छन् । त्यसैले मुहानको शुद्धीकरणका लागि जबसम्म 'उचित मान्छेलाई उचित जिम्मेवारी' को व्यवस्था लागू गरिँदैन तबसम्म शुद्धीकरण सम्भव हुँदैन ।

भ्रष्टाचार बढ्नुमा अदालतको भूमिका पनि उत्तिकै जिम्मेवार रहेको छ । हुन त अदालतभित्रको भ्रष्टाचार आफैंमा कहालिलाग्दो भएका तथ्य समय समयमा बाहिरिने गरेका छन् । भ्रष्टाचारसम्बन्धी मुद्दा अख्तियारले अदालत पुऱ्याएपछि वर्षौंसम्म लम्बिने गरेका छन् । कतिपय निर्दोष व्यक्तिहरू भ्रष्टाचारमा सफाइ नपाउँदै जागिरदेखि उमेरका कारण अवकाश हुन्छन् भने भ्रष्ट व्यक्तिहरू मुद्दा लम्बिँदा आनन्दले चलफिर गरिरहेका हुन्छन् । आश्चर्यजनक विषय त के छ भने गिरिजाप्रसाद कोइराला सत्तामा भएका बेलाको चर्चित लाउडा विमान काण्डको मुद्दा समेत अदालतले अझै किनारा लगाउन सकेको छैन । यस्ता दर्जनौं भ्रष्टाचारसम्बन्धी मुद्दाका फाइल सर्वोच्च अदालतमा धमिरा लागेर थन्किएका छन् । सर्वोच्च अदालतमा समेत राजनीतिको छाया र प्रभाव प्रत्यक्ष रूपमा परिरहेका कारण न्यायाधीशहरू समेत सकेसम्म यस्ता विषयहरू छिनोफानो गर्नभन्दा टार्दै र पन्साउँदै आफ्नो कार्यकाल बिताउन चाहन्छन् । भ्रष्टाचारका मुद्दालाई फास्ट ट्र्याकबाट हेरेर छिटो टुंगो लगाउने गरेमा पनि भ्रष्टाचारको पारो केही ओर्लन सक्छ ।

भ्रष्टाचारबाट आर्जित कालो धन अहिले सजिलै विदेशका विभिन्न मुलुकमा पुग्ने गरेको छ । स्विस बैंकमा समेत नेपालीको अर्बौं रकम जम्मा भएको तथ्य बाहिर आइसकेको छ । भ्रष्टाचारको कारण विश्वकै भ्रष्ट र कंगाल मुलुकको रूपमा नेपाल सूचीकृत हुँदै आए तापनि देशको सत्ता सञ्चालन गर्नेहरूले लज्जाबोध गरेका छैनन् । अहिले त भ्रष्टाचार स्थानीय तहहरूमा समेत मजाले मौलाइरहेको छ । वडाध्यक्षहरू डोजर मालिक भएर आफ्नो हात जगन्नाथ गरिरहेका समाचार प्रायःजसो छापिने गरेका छन् । भ्रष्टाचारको जरो झन् झन् बलियो बन्दै जानु लज्जापूर्ण विषय हो । आर्थिक विकासको बाधक र सामाजिक विकृतिको बाहक भ्रष्टाचारलाई जरैदेखि उखेल्ने संकल्प गरौं ।

# सुशासनमा कहाँ छौ हामी ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



अहिलेको अन्तर्राष्ट्रिय व्यवस्थापन दुई लक्ष्यबाट निर्देशित छ । पहिलो भनेको शहस्राब्दी विकास लक्ष्य **(Millenium Development Goal (MDG)** र अर्को भनेको सामाजिक विकास लक्ष्य **(Social Development Goal SDG)** हो । पहिलो लक्ष्य **MDG** ले विकास गर्दा पृथ्वीको पर्यावरणलाई ध्यान नदिई मानव स्वार्थलाई मात्र ध्यान दिई अहिलेकै ढाँचामा पृथ्वीको दोहन गर्ने हो भने यसको आयु अर्को १०० वर्ष पनि नहुन सक्छ भनेको छ । तसर्थ हरेक पुस्ताले पर्यावरण प्रेमी विकास गरेर यो पृथ्वी नयाँ आउने पुस्तालाई सुरक्षित हस्तान्तरण गर्नुपर्दछ भन्ने वैज्ञानिक मान्यता अघि सारेको छ । यही दृष्टिकोणलाई केन्द्रमा राखी **MDG** ले दिगो विकास **(Sustainable Development)** को अवधारणा तयार गरेको हो ।

अहिले विकासको नाममा जुन मात्रामा प्रतिव्यक्ति ऊर्जा खपत बढेर गएको छ त्यसलाई नियन्त्रण नगर्ने हो भने पृथ्वीको तापक्रम बढ्दै गएर पृथ्वीमा हिउँ नरहने र रहे पनि क्षणभर नटिक्ने, ध्रुवीय प्रदेशमा रहेका हिउँका पहाडहरु पग्ली बढेको समुद्रको सतहले तटीय राष्ट्रहरुलाई डुबाउने र हिमालय, आल्पस, काराकोरम जस्ता उच्च पर्वतीय क्षेत्रहरु मरुभूमिमा परिणत भई पृथ्वीको विनाश हुने भविष्यवाणी वैज्ञानिकहरुले गरिसकेको परिप्रेक्ष्यमा **MDG** ले पृथ्वीलाई कालान्तरसम्म हराभरा र स्वच्छ राख्ने उपायहरु देखाई त्यसलाई हरेक राष्ट्रले आफ्नो राष्ट्रिय नीतिमा समावेश गरी त्यस्ता उपायहरु अवलम्वन गराउन विभिन्न महासन्धीहरु वनाई हस्ताक्षर गराउने अभियान शुरु गरेको छ । यस अभियानमा सहमत हुने नहुने दुवै किसिमका राष्ट्रहरु छन् त्यस्मा विकसित, विकाससील र अल्पविकसित सबै राष्ट्रहरु पर्दछन ।

**MDG** लाई यथार्थमा परिणत गर्न विश्वले **SDG** पनि तय गरेको छ । त्यो भनेको यस पृथ्वीबाट गरिबी, निरक्षरताको अन्त्य गर्न समाजिक तथा पेसागत सुरक्षा र आर्थिक समृद्धि अनिवार्य शर्तहरु हुन भनेको छ। जबसम्म गरिबी र निरक्षरताको अन्त्य भई सामाजिक तथा पेसागत सुरक्षा र आर्थिक समृद्धि हुँदैन तबसम्म पर्यावरण गरिब राष्ट्रहरुको प्राथमिकतामा पर्दैन भनिएको छ । समृद्ध राष्ट्रहरुले मात्रै पर्यावरणको कुरा उठाएर पृथ्वीको आयु लम्बिँदैन । यस कुरामा विकाशसील र अल्प विकसित राष्ट्रहरु समेत प्रतिबद्ध हुनुपर्दछ भनिएको छ । सामाजिक सुरक्षा भन्ने बित्तिकै महिला, बालबालिका, वृद्ध, अन्धअपांग र सिमान्तकृत अल्पसंख्यक जातजातिहरुको बाँच्ने र विकास गर्न पाउने अधिकारको ग्यारेन्टी, हिंसा र दुरुपयोग विरुद्धको सुरक्षा अनि किसान र मजदुरको पेसागत सुरक्षा राज्यले दिनुपर्ने भन्ने मान्यता स्थापित गरिएको छ ।

**MDG** र **SDG** ले लिएको विकासको लक्ष्य त्यतिखेर मात्र हरेक राष्ट्रहरुले हासिल गर्न सक्छ जब उनीहरुका प्रजातन्त्र, विधिको शासन र सुशासन स्थापित हुन्छ । प्रजातन्त्र भन्ने बित्तिकै राष्ट्रिय प्रजातन्त्र मात्रै नभै यसका दुई महत्वपूर्ण पांग्राहरु अन्तरदलीय प्रजातन्त्र **(Inter Party Democracy)** र दलभित्रको प्रजातन्त्र **( Intra Party Democracy)** भन्ने बुझिन्छ । यी दुई पांग्राविनाको राष्ट्रिय प्रजातन्त्र भनेको छाडातन्त्र हो भन्ने मान्यता **MDG** र **SDG** ले राखेको छ । त्यसै गरी विधिको शासनभित्र संविधान, कानुन नियम उपनियमहरु मान्नैपर्ने संस्कारको विकास हुनुपर्ने त्योभन्दा माथि कोही हुन नसक्ने कुराहरु पर्दछ । यस संस्कारको विकास भएन भने संविधान, कानुन र नियमहरु देखाउने दाँत मात्रै भई शासन निरंकुश हुन सक्छ भनिएको छ । अनि सुशासन भन्ने बित्तिकै **MDG** र **SDG** ले चार कुराहरु इंगित गरेको छ । त्यो भनेको दक्षता, पारदर्शिता, मितव्ययीता र सामाजिक सुरक्षा हो । समृद्धि उत्पादनमा आत्मनिर्भरता र निर्यातमा प्रवर्द्धन नभएसम्म हुन सक्तैन भनिएको छ । दक्षताको संस्कार स्थापित गर्न हाम्रा मान्छे राम्रा होइन, राम्रा मान्छे हाम्रा भन्ने प्रणाली स्थापित हुन जरुरी छ भनिएको छ । वित्तीय मामलामा पारदर्शिता भएन भ्रष्टाचार बढ्ने र मितब्ययिता भएन भने उत्पादकत्व नबढ्ने हुँदा सुशासन र समृद्धि कायम हुन नसक्ने बताइएको छ ।

**MDG** र **SDG** ले देखाएका यी लक्ष्यहरुप्रति नेपाल प्रतिबद्ध छ तर त्यो प्रतिबद्धता अनुरुपको व्यवहार भने नेपालमा अहिलेसम्म भएका सरकार हरुले देखाउन सकेका छैनन । पर्यावरण मैत्री विकासको कुरा गर्ने हो भने गाउँगाउँलाई सडकले जोड्ने नाममा गरिएका विना योजना, डिजाइन, अनि वातावरणीय पक्षको मूल्यांकन नै नगरी गरिएको डोजर आतंकको कारण देश बाढी पहिरोको चपेटामा परी क्रमशः प्रदूषित र मरुभूमिकरण हुँदै गइरहेको छ । चुरेबाट ढुंगा गिट्टी अनियन्त्रित किसिमबाट दोहन गर्ने, चुरे लोकमार्ग बनाउने नाममा चुरेको पर्यावरण विनास गर्ने, द्रुत मार्ग र अन्तर्राष्ट्रिय विमानस्थल बनाउने नाममा तराईका तीसौं लाख रुखहरु काटी मानव र वन्यजन्तु दुवैले आफ्नो वासस्थान गुमाउने खतरा बढाउनेतर्फ सरकार अग्रसर छ ।

दक्षताको कुरा गर्दा नेपालमा योजनाहरु कुनै पनि समयमा सम्पन्न हुन सक्तैनन् भन्ने कुरा मेलम्ची आयोजना, मध्यपहाडी लोक मार्ग आयोजना, काठमाडौं सडक विस्तार आयोजना जस्ता थुप्रै आयोजनाहरुले देखाएका छन् । मितब्ययिता र पारदर्शिताको त कुरै नगरौं । आफ्ना आसेपासेहरुलाई विकास आयोजनाको ठेक्कापट्टा दिई कमिसन खाने संस्कार राजनीतिक दल र तिनका नेताहरुमा विकास भएको कारण विकास योजना एक त बेलामा नै सम्पन्न नहुने र भए पनि गुणस्तर नहुने थुप्रै उदाहरणहरु निर्माण सम्पन्न हुँदा नहुँदै भाँचिएका पुल र उप्किएका अलकत्राहरुले देखाइरहेका छन् । देशमा भएका बलात्कार, हत्या, हिंसा र विभेदका घटनाहरुले एकातर्फ विधिको शासन नभएको अर्कोतर्फ सामाजिक सुरक्षाको कुनै ग्यारेन्टी गर्न सरकार असमर्थ रहेको देखिएको छ । प्रजातन्त्र छ भनिन्छ तर अन्तर पार्टी जनवाद र पार्टीभित्रको आन्तरिक जनवाद नभै पदलोलुपता आमरुपमा स्थापित भएकै कारण दलहरु फुट्ने, फेरि जुट्ने अनि फेरि फुट्ने प्रकृयाको कारण जनताले स्पष्ट बहुमत दिएकै अवस्थामा पनि देशमा राजनीतिक स्थायित्व नहुने र गैरराजनीतिक संस्कारको विकास भई देश विश्वको दश कंगाल र दश भ्रष्ट राष्ट्रको श्रेणीमा निरन्तर रुपमा कायम छ ।

प्रधानमन्त्री लगायत मन्त्रीहरुले आआफ्नो सम्पत्तीको विवरण सार्वजनिक गरे तापनि त्यति धेरै करोडौंको सम्पत्तीको स्रोत भने खुलाउन सकेका छैनन । हवाईजहाज किन्दा गर्ने घोटालाले यसपालि पनि निरन्तरता पाएको छ । वाइडवडी जहाज किन्दा ६ अरब हसुरेको तथ्य बाहिर आएको परिप्रेक्ष्यमा कंगाल र भ्रष्ट राष्ट्रको कंलकबाट देशलाई मुक्त गर्ने दिशामा हालसम्म भएका कुनै पनि राजनीतिक ब्यवस्था र सत्तारुढ दलहरु पुगेका छैनन । तसर्थ सुशासनमा कहाँ छौं हामी भनेर हामीले आफूलाई खोज्ने हो भने कुशासनमा दुष्चक्रमा रहेको हाम्रो ब्यवहारले देखाउँछ । यही कारण विगत ६८ वर्षदेखि भएका हाम्रा क्रान्तिहरुले नेताको मुहार चिल्लो बनाउन सके पनि जनता र देशलाई भने भीरतिर धकेलिरहेको छ ।


# नेपाल-भारत सीमा नियमन गर्नैपर्छ



**जगदीश लामिछाने**
रौतहट, पौराई

अंग्रेजसँग ई.सं. १८१६ मा सुगौली सन्धि हुँदा नेपालका राजा गिर्वाणयुद्धको निधन भयो । सुगौली सन्धि परिपक्व हुन पाएन । यसैले अंग्रेजले सुविधा नेपाललाई दिएजस्तो गऱ्यो । पूर्वतर्फ लडाइँ नहारे पनि उसले आफूलाई चाहिने दार्जिलिङ आदि जमिन मागेको पनि हो । त्यस बखत जागिरदार खान्कीमा पनि काम गर्थे । जागिरदारले देशका मौजामौजामा गई वर्ष वर्ष दिनमा तलब उठाउनु पर्थ्यो । थोरै थोरै दिइने तलब पर्याप्त हुँदैनथ्यो । नालापानीले गोर्खा प्रख्याती बढेकै हो । पछि श्री ३ जंगबहादुरलाई नयाँ मुलुक फिर्ता दिँदा पनि फकाएकै हो । आखिर १९२३ ई.मा श्री ३ चन्द्रशमशेरले सुगौली सन्धि परिपक्व गरिदिए र बेलायतमा नेपाली राजदूत पनि राखे । अमेरिकासँग पनि सम्बन्ध गरे । इ.सं.१९५० कात्तिक १४ गतेको मिति नै लेखेको बेलायत नेपालको सन्धिको दफा ८ ले नेपालको सम्पूर्ण बाँकी भूमि फिर्ता हुने कुरा जगजाहेर छ । त्यो सन्धि भएको ७ दिनमै श्री ५ त्रिभुवन भारतीय दुतावासमा भगाइएका हुन् पनि भनिरहनुपर्ने हो र ?

गंगाउत्तर टिस्टा सतलजबीचको नेपाली भूमि भारतले खान पाउँदैन । सरकारले मागोस भनी २०५३ तिर योगी नरहरिनाथ समेतको एक र प्रा.फणीन्द्र नेपालको अर्को रिट सर्वोच्च अदालतमा परेकै छ । त्यो भूमि खाने भारतले २००७ साउन १० गते बेलायतसँग नेपालले गरेको सन्धिभन्दा ४ महिना अगाडि नै आफ्नो प्रख्यात सन्धि गरी



अंग्रेजसँगका र आफ्ना पुराना सन्धि सम्झौता खारेज गरेकै छ । यसैकारणले पुरानो सुगौली सन्धिको फुर्को समाइरहनपर्ने देखिँदैन । यत्ति कुरा त अन्तर्राष्ट्रिय कानुनका ज्ञाताहरुलाई थाहै छ । चीन तिब्बत र अंग्रेजसँग लड्ने नेपाली विद्वानहरुले पनि जान्ने नै भए । आपसी सम्बन्ध सुधार गर्न र पुराना १९५० को सन्धि विषयमा पनि प्रबुद्ध समूह गठन भएको हो ।

व्यक्ति जस्तै राष्ट्र पनि सजीव मान्नुपर्छ । भारतलाई महत्व दिइएकै छ । हित सोच्ने नेपाललाई नराम्रो पनि पर्न सक्छ कि भनिदिएको भए राम्रै हुने थियो । हिमालय जगन्नाथ र रामेश्वर आदिमा दुवै देशको आस्था छ । हाम्रा श्री ३ जंगबहादुरले सिपाइँ विद्रोहमा भारतीय भूमिमा गरेको सहयोग सकारात्मक नेपाली हितमै लिनुपर्थ्यो । विशेष गरेर पं. जवाहरलाल नेहरुले छुट्याउनै पर्थ्यो छुट्याएनन् । 'फुट गराउ र शासन गर' अंग्रेजकै नीति अनुशरण गरी त्यो बेला बंगालबाट हतियार ओसार्न दिएर २००७ को क्रान्ति उठाए । अहिले माओवादी विद्रोहमा हाम्रै नेताहरुबाट सही गराई भारत सरकार छेउ निवेदन दिन लगाएको भारतीयले नै छापे । तिनै माओवादीले नेपाली १७००० जति मारेको माओवादी छापमारको बयान अमेरिकामै छापियो । त्यो क्रम अहिलेका प्रमहरुकै पालामा चालु नभएको भए तराई उचालेर नाकाबन्दी नै हुने थिएन । यस्ता अनेकौं घटना नेपालीहरुका मनमा नबिझ्ने कुरै भएनन् । हामी नेपाली विदेश अरब भूमिबाट उतैका सरकारका सहयोगले सुन तस्कर पक्रेर ल्याउँछौं । भर्खरै २०७५ मै नेपाली विद्यालय सञ्चालकलाई भारतबाट आई सुनसरीमा मारेर भारतमै गायब हुन्छन् पक्रन सक्दैनौं ।

यस्तै अनेकौं समस्या देखेर होला भारतबाट अनुमोदित भारतीय अनुदानबाटै तलब खाने ४ जना र नेपालीले नेपाली अनुदानबाटै तलब खाने गरी ४ ।४ जना प्रबुद्ध व्यक्ति २ वर्षअघि भर्ना गरियो । त्यसैमध्येका भारतीय प्रबुद्ध भुवनचन्द उप्रेती, बीसी उप्रेतीले फोटोसहितको परिचयपत्र आफ्नै आफ्नै लिएर भारत नेपाल ओहोरदोहोर गर्ने प्रस्ताव पेश गर्नुभयो । नेपाली प्रबुद्ध ४ जनाले पनि संयुक्त समर्थनमा निर्णय गर्नुभयो । त्यतिमात्र होइन, नेपाल सरकारले नेपालमा भारतीयहरुले गरेको कामको रेमिट्यान्स, विप्रेषण भारत सरकारले पाओस् भनी नेपालले कानुनी प्रक्रिया पूरा गरी नियम बनाएकै छ । यसैले माथि भनिएबमोजिम सीमा नियमन नेपाल भारत दुवैले गरी नेपाल भारत आवागमन गर्ने व्यवस्था गर्न अनिवार्य भइसकेको छ । यसमा ढिलाइ गरेमा दुवै सरकारको फाइदा छैन । भारतकै हित पनि हुने छैन ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

# जोसेफ स्टालिन–२१

सन् १९१७ मा सोभियत रूसमा क्रान्तिकारी नेता लेनिन, स्टालिनको नेतृत्वमा 'अक्टोबर क्रान्ति' सम्पन्न भयो । त्यसको गर्जनचीनमा पनि पुग्यो,अर्थात्चिनियाँ जनताले पनि मार्क्सवाद, लेनिनवाद जान्ने मौका पाए र उनीहरू आँखा मिच्दै उठ्न थाले । सन् १९१९ मा भएको'४ मे' आन्दोलनले चीनको राजनीतिक र सांस्कृतिक क्षेत्रमा नौलो अध्याय थालनी गऱ्यो । सन् १९२१ मा भूमिगत रूपलेचिनियाँकम्युनिस्ट पार्टी स्थापना भयो । पार्टीका नेता छन तु स्यु चुनिए । पार्टी स्थापनालगत्तै नेता र कार्यकर्ताहरू मजदुर, किसानहरूबीच गए । सन् १९२४ मा कम्युनिस्ट पार्टी र कोमिङताङ पार्टीबीचमा संयुक्त मोर्चा बनेपछि सामन्तवाद र साम्राज्यवाद विरूद्ध उत्तरी अभियान सुरू भयो ।त्यो कार्य डा. सन यात सेनको दूरदर्शिताले भएको थियो । दुःखको कुरा, १९२५ मा सन यात सेनको निधन भयो । कोमिङताङ पार्टीको नेता च्याङ काइ सेक चुनियो, जसले सामन्त, जमिनदार वर्ग र साम्राज्यवादीहरूसामु घुडा टेकेर देशभक्तहरूलाई कत्लेआम गऱ्यो । दशौं हजार कम्युनिस्टहरू मारिए,अरूलाखौंलाई गिरफ्तार गरी जेलमा कोचियो ।त्यही परिस्थितिमा चिनियाँ कम्युनिस्ट पार्टीको नेता छन तु स्युले आत्मसमर्पणवादी नीति अँगाल्यो । कम्युनिस्ट आन्दोलन र पार्टी गम्भीर सङ्कटमा पऱ्यो ।

त्यतिखेर कम्युनिस्ट पार्टीको संस्थापक केन्द्रीय समितिका सदस्य माओत्सेतुङ हुनान प्रान्तका सचिव थिए ।उनले हुनान प्रान्तमा सन् १९२७ मा किसान आन्दोलनको नेतृत्व गरे । 'हुनान किसान आन्दोलन' को नाउँबाट विश्व प्रसिद्ध त्योसङ्घर्षमा पचासौं लाख किसानहरूले भाग लिएका थिए । आन्दोलनमा अगाडि बढेको सशस्त्र शक्तिलाई माओले चिङ काङ सान पहाड चढाए र त्यहाँ आधार क्षेत्र स्थापित गरे ।माओका लालसेना युद्धमा भाग लिने, उत्पादन र राजनीतिक कार्य गर्ने गर्थे । चिङ काङ सानको ज्योति देखेर चाओअन लाई र चुतेहले पनि आआफ्नो शक्ति लगे । आधार क्षेत्र अरूविस्तृत र विकसित हुँदै गए । यसरी चिङ काङ सान चिनियाँकम्युनिस्ट पार्टीको पहिलो मुक्त क्षेत्र बन्यो ।

क्रमशः

# मैले देखेको उनन्साठ्ठीऔं विश्व आश्चर्य: मध्यरातको सूर्य

सुरेन्द्र ढकाल



आफ्नै क्यामेराले कैद गरेको मध्यरातको सूर्य केमियारभीबाट



केमियारभीको टावन हल




फिनल्यान्डभित्र केमियारभीको अवस्थिति



केमियारभीमा प्रचलित काठैकाठले बनेको घर



केमियारभीको सानो सहरी बस्ती यस्तो देखिन्छ



स्वयंसेविका गाइडहरूसँग सुरेन्द्र केमियारभीमा



केमियारभीको पार्कमा सुरेन्द्र ढकाल सन् १९८९ मा

टाम्पेरेको भाप्रीकी म्युजियम सरसरती हेरिसक्दा दिनको २ बजेको थियो । तत्पश्चात फिनलैण्डको सुदूर उत्तरपूर्व तत्कालिन सोभियत संघको सीमा नजिकको अन्तिम बस्ती केमियारभीतर्फ प्रस्थान गर्ने क्रममा म टाम्पेरेको रेलवे स्टेसनतर्फ लागेँ । पौने तीनमा रेल रोभिनियमीको लागी छुट्यो । रोभिनियमी पुग्दा बेलुकाको सात बजेको थियो । त्यहाँबाट लोकल ट्रेन लिएर म पुनः केमियारभीतर्फ लागेँ । केमियारभी पुग्दा बेलुकीको नौ बजेको थियो । जुलाई महिनाको लामो दिन भएको कारण राती नौ बजे यहाँको ३ बजेको जस्तो सूर्य चम्किरहेको थियो ।

रेलवे स्टेसन दुई जना मारिया र स्टेफी नामक स्वयंसेवी गाइडहरुले मलाई केमियारभी डुलाइ दिने प्रस्ताव राखे । मैले उनीहरुलाई आफू विद्यार्थी भएको हुँदा फि दिन नसक्ने बताए । अनि उनीहरुले पनि फिको लागि काम गरेको होइन भने पछि म उनीहरुसँगै केमियारभीको सानो सहर हेर्न रेलवे स्टेसनबाट बाहिर निस्किए । दुई घण्टासम्म उनीहरुले मलाई डुलाए । त्यस क्रममा केभियारभीमा हिउँद महिनामा स्की गर्न धेरै मानिसहरु युरोपका अन्य देशबाट त्यहाँ आउने थाहा लाग्यो । उत्तरी ध्रुव प्रदेश जस्लाई ल्यापलैण्ड भनिन्छ त्यो सोभियत संघ, फिनलैण्ड, स्वेडने, नर्वे गरी चार देशमा छरिएको रहेछ ।

६ हजारको हाराहारीमा जनसंख्या भएको त्यो सानो शहरी बस्ती रहेछ । सबैको घर चिटिक्क परेको पुरै काठले बनेको हुने रहेछ । सन् १५८० ताका त्यहाँ फाट्ट फुट्ट बस्ती बस्न शुरु भएको थाहा लाग्यो । त्यहाँको टाउनहल अनि बाँकी सहर अवलोकन गरिसक्दा भोक लागिसकेको थियो । मैले तीनवटा स्याण्डबीच किने र उनीहरुलाई पनि दिए र तीनै जना मिलेर खायौ । मैले पैसा तिर्न लाग्दा त्यतिपरको देश नेपालबाट आएको मान्छेलाई हामी तिर्न दिन्नौ भनेर उनीहरु आफैले तिरेपछि उनीहरु विदा भए । त्यतिखेर साडे नौ बजेको थियो । सूर्य अस्ताउने छाँट थिएन । त्यसपछि म नजिकैको पार्कमा पुगे र त्यहाँ रहेको बेञ्चमा गएर आनन्दले बसी सूर्यास्त कुर्न थाले ।

दश बज्यो सूर्य अस्ताएन, एघार बज्यो सूर्य अस्ताएन अनि बल्ल पौन बाह्र बजे सूर्य क्षितिजबाट बिलाउन मात्रै कै लागेको थियो १२ बज्दा त सूर्य त्यहींबाट पुनः उदायो । त्यस दृश्यलाई मैले मेरो क्यामेरामा कैद गरेँ । केही छिनको सूर्योदय हेरेपश्चात म त्यही बेञ्चमा निदाएछु । पछि ब्युझँदा बिहानको ३ बजेको रहेछ तर सूर्य भने हामीकहाँको नौ बजेको जस्तो झलमल्ल भैसकेको रहेछ । २५ वर्ष पहिले मेरो बुबा वासुदेव ढकालले रोभिनियमीबाट मध्यरातको सूर्य अवलोकन गरी उत्तरी ध्रुव प्रदेश पुग्ने पहिलो नेपालीको रेकर्ड बनाएको कुरा सम्झे ।

मनमनै आफू पनि भाग्यमानी रहेछु भनेको जस्तो लाग्यो पृथ्वीको झण्डै टुप्पामा पुग्दा । पार्क सुनसान थियो । म पुन बेञ्चमा पल्टिएँ र ६ बजेपछि उठेर लागे रेलवे स्टेशनतर्फ । त्यहाँ पुगेर त्यहाँको शौचालयमा बिहानको नित्यकर्म सकी एक कप कफि र एउटा क्रोशन खाए । रोभिनीयामीतर्फ लाग्ने रेलको प्रतिक्षामा बसे । बिहानको सात बजे केमियारभीबाट रेल हिंड्यो । म नौ बजे पुनः रोभिनियामी आइपुगे ।

## यचुरी चन्द्रागिरिमा

काठमाडौं । भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव सीताराम यचुरीले चन्द्रागिरि केबलकारको अनौपचारिक भ्रमण गर्नुभयो । भ्रमणमा आउनु भएका महासचिवलाई चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल एवम् महाप्रबन्धक अभिषेक विक्रम शाहले स्वागत गर्दै परियोजनाको स्थलगत भ्रमण गराउनुभएको थियो ।

भ्रमणका क्रममा यचुरीले चन्द्रागिरिको स्वच्छ वातावरणबाट आफू अत्यन्त प्रभावित भएको जनाउँदै चन्द्रागिरिबाट सुन्दर हिमालहरुको दृश्यावलोकन गर्न पाउँदा आफूलाई अत्यन्तै खुसी लागेको बताउनुभयो । साथै प्यागोडा शैलिमा पुनःनिर्माण गरिएको भालेश्वर महादेवको मन्दिर यहाँको अर्को उत्कृष्ट विशेषता भएको जानकारी दिदै चन्द्रागिरि हिल्स व्यवस्थापनलाई धन्यवाद तथा शुभकामना व्यक्त गर्नुभयो ।

ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हललगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रुपमा विकास गरिरहेको छ ।

### विश्व कंक्रिकेट ट्रफी चन्द्रागिरिमा प्रदर्शन

काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले चारदिने भ्रमणका लागि नेपाल ल्याई पुऱ्याएको ट्रफी चन्द्रागिरिमा प्रदर्शन गरिएको छ । विश्वका ५ महादेश, २१ देश र ६० स्थानमा प्रदर्शन गरिने उक्त ट्रफी नेपालको नयाँ एकीकृत पर्यटकीय गन्तब्य चन्द्रागिरिमा प्रदर्शनका लागि लागिएको हो । ट्रफी बंगलादेशबाट दुबई हुँदै नेपाल ल्याई पुऱ्याएको अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को संयोजक भावना घिमिरेले बताउनुभयो । यसअघि ट्रफी पश्चिम नेपालको पोखरामा प्रदर्शन गरी काठमाडौं फर्काइएको संयोजक घिमिरेले बताउनुभयो ।

ट्रफी प्रदर्शनमा आएको अन्तर्राष्ट्रिय क्रिकेट परिषद् लगायतको टोलीलाई चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल र महाप्रवन्धक अभिषेक विक्रम शाहले चन्द्रागिरि परिसरमा स्वागत गर्नुभएको थियो ।

ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हललगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रुपमा विकास गरिरहेको छ ।

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# लोकतन्त्रको दुरूपयोगले मुलुकमा छाडापन बढ्यो : नेपाल

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीका वरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले लोकतन्त्रको दुरुपयोग गर्दै मुलुकमा छाडापन हाबी भएको बताएका छन् ।

युनिर्भसल पीस फेडेरेसन नेपालले राजधानीमा आयोजना गरेको स्थानीय निकायहरु प्रमुख तथा उपप्रमुखको सम्मेलनलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् । नेता नेपालले स्थानीय तहमा भष्ट्रचार बढ्दै गएकोतर्फ इङ्कित गर्दै यसबाट जोगिन जनप्रतिनिधिहरुलाई आग्रह गरे । उनले जनताको समस्या पहिचान गरी त्यसको समाधानमा आग्रह गर्दै समाजलाई एकताबद्ध बनाउन संकल्प लिए असम्भब नरहेको बताए ।

नेता नेपालले निकट भविष्यमा नेपालमा एशिया प्यासफिक सम्मेलन हुन लागेको बताउँदै सो सम्मेलनमा ७० देशका राष्ट्र प्रमुख तथा सरकार प्रमुख तथा पूर्व प्रमुखहरुको सहभागिता रहने त्यसले नेपालको प्रतिष्ठा बढाउने र नेपालले प्राप्त गरेको उपलब्धी बिश्वमा फैलाउन महत्वपूर्ण फोरम भएको उल्लेख गर्दै त्यसलाई सफल बनाउन जनप्रतिनिधीहरुको पनि महत्वपूर्ण भूमिका रहेको बताए ।

कार्यक्रममा नेपाल परिवार दलका अध्यक्ष एवम् पूर्वमन्त्री एकनाथ ढकालले ७ वटै प्रदेशमा स्थानीय निकायहरुको सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको भन्दै यसबाट जनप्रतिनिधिहरुलाई आफ्नो नगरको विकासमा थप जिम्मेवार भएर लाग्न प्रोत्साहित गरेको बताए ।

नेपाल सरकारले तय गरेको 'सुखी नेपाली, समृद्ध नेपाल भन्ने नारालाई सार्थकता प्रदान गर्नका लागि पारिवारिक मूल्य-मान्यता र असल संस्कारलाई बढावा दिन यो कार्यक्रम फलदायी हुने बताए । काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले शान्ति बिना दिगो विकास सम्भव नभएको उल्लेख गर्दै जनप्रतिनिधिहरु र कर्मचारीहरुको बुझाई फरक रहेकाले जनताको चाहना अनुसार काम हुन नसकेको जानकारी दिए ।

अधिवक्ता गोविन्द शर्मा बन्दी संविधान र नयाँ कानुनको कार्यान्वयनका बारेमा कार्यपत्र प्रस्तुत गरे । त्यस्तै गरी आफ्नो नगरपालिका र गाउँपालिकामा कुन किसिमको विकासको नमुना अभ्यास गर्ने भन्ने विषयमा प्रा.डा चन्द्रमणी अधिकारीले आफ्नो कार्यपत्र प्रस्तुत गरे । जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा क्षमता कसरी अभिवृद्धि गर्ने र विवाह एव पारिवारिक सम्बन्धलाई सुमधुर कसरी बनाउने भन्नेबारे अन्तर ाष्ट्रिय विज्ञ डा. रोबर्ट एस कट्टेलले कार्यपत्र प्रस्तुत गरेका थिए ।

सम्मेलनमा उपस्थित सम्पूर्ण प्रदेशका स्थानीय निकायका प्रमुखहरूले स्थानीय तहको विकास र समृद्धिको उद्देश्यले 'शान्तिका लागि नगर प्रमुखहरू अन्तर्राष्ट्रिय संगठन (IAMP) स्थापना गर्ने विषयमा ऐक्यबद्धता जनाएका थिए । सम्मेलनको आयोजना संयुक्त राष्ट्र संघमा आवद्ध संस्था युनिर्भसल पीस फेडेरेसन (UPF) र सांसदहरूको अन्तर्राष्ट्रिय मञ्च (IAPP) ले संयुक्त रुपमा गरेका थिए । दुई सयभन्दा बढी स्थानिय निकायका प्रमुख तथा उपप्रमुखहरुको भेलामा गायक आनन्द कार्कीले सांगेतिक प्रस्तुति दिएका थिए ।

## कविता

## हामी कस्ता (ट्वाक्क)



रेल खै दाइ भन्यो
जनकपुरीमा आछ भन्छन्
पानीजहाजका कुरा गऱ्यो भने
भर्खर रारा तालतिर गाछ भन्छन्
पाइप ग्यासका कुरा उठायो भने
विराटनगरतिर चुल्हो बल्यो रे
मेलम्चीका कुरा गऱ्यो भने
त्रिशुलीको पानी तान्ने पम्पसेट चल्यो रे
यो विकास पनि कुन दिन यिनले
पुँजीवादले रोक्यो भन्न बेर छैन
एक बर्षै लन्ठ्याङ लुन्ठुङ जान लाग्यो
यस्तै हो भने
हामीले समृद्धि देख्न्या दिन धेरै छैन
हाम्रा नेताले देश बनाउलान्
र समृद्धिमा पुगौंला भन्ने हामी कस्ता
देश बनाउन त यहाँ आउनुपर्छ
महाथिर मोहम्मद, लि क्वान जस्ता ।

● प्रेम ओली (ढकलपुरे)


# रामतोरिया (भिण्डी) का फाइदाहरू ?

भिन्डीलाई हामी सामान्यतया एउटा तरकारीको रुपमा सेवन गर्छौं तर हामीबाट कति जनालाई थाहा छैन होला कि भिन्डीको सेवनले हाम्रो स्वाथ्यमा यति फाइदा गर्छ जुन आज तपाईंले थाहा पाएर पर्नुहुनेछ चकित ।

गर्भवती महिलाले भिन्डी खानाले भ्रूणको दिमागको विकास राम्रो हुन्छ । साथै, भिन्डी खाँदा गर्भ तुहिने जोखिम पनि घट्छ । भिन्डीमा प्रशस्त मात्रामा फाइबर पाइन्छ । यो राम्रोसँग पच्छ र यसले पाचन प्रक्रियालाई पनि बलियो बनाउँछ ।

भिन्डी खानाले शरीरमा सुगरको मात्रा नियन्त्रित अवस्थामा रहन्छ । मधुमेहका रोगीलाई यो लाभदायक हुन्छ । भिटामिन-के र फोलेट्स पाइन्छन्, जसले रगत जम्नबाट रोक्छन् र हड्डी बलियो बनाउने गर्छन् । भिन्डीमा पाइने भिटामिन-सीलगायत तत्वले दमको असर कम गर्छ । आयुर्वेदका अनुसार भिन्डीको फूल र पातलाई श्वासप्रश्वाससम्बन्धी रोग निको पार्न प्रयोग गरिन्छ । वैद्यको परामर्शमा भिन्डीको फूल र पातलाई ब्रोङकाइटिस र निमोनियाको उपचार गर्ने गरी प्रयोग गर्न सकिन्छ ।

भिन्डीमा पाइने फाइबरले कब्जियतको समस्या कम गर्छ । भिन्डी खानाले क्यान्सरको जोखिम घट्छ । भिन्डी खाइरहने गर्दा आन्द्रा, कोलोन-रेक्टल क्यान्सर लाग्ने सम्भावना कम हुन्छ । भिन्डीमा क्यालोरी कम पाइन्छ, जसले गर्दा यो मोटाउने समस्या भएकाहरूका लागि लाभदायक हुन्छ । सोल्युबल



फाइबर पेक्टिन पाइन्छ, जसले शरीरमा खराब खालका कोलेस्टेरोलको मात्रालाई कम गरिदिन्छ ।

भिन्डीमा पाइने भिटामिन-सीलगायत तत्वले छालामा जम्मा भएका विकारलााई पखाली छालालाई स्वस्थ राख्छ । भिन्डीमा अक्सिडेन्ट्स, भिटामिन-सी, म्याग्नेसियम, क्याल्सियम, आइरनजस्ता तत्व प्रशस्त मात्रामा पाइन्छन्, जसले शरीरको रोगप्रतिरोधी क्षमता बढाउँछन् । आँखा धमिलो देख्नेका लागि पनि भिन्डीको तरकारी खानु लाभदायक हुन्छ ।

भिन्डीमा पाइने आइरन, भिटामिन-के आदिले रक्तअल्पता हुन दिँदैन । रगतमा हेमोग्लोबिनको मात्रा कम छ र रेड ब्लड सेल आवश्यक मात्रामा छैन भने भिन्डी खाइरहने गर्नुपर्छ । भिन्डीमा क्षार तत्व पाइन्छ, जसले अल्सरको असरलाई कम गर्न मद्दत पुऱ्याउँछ ।

अझ केही बुँदागत रुपमा भिन्डीका फाइदाजनक गुण :

- भिन्डी अर्थात् रामतोरियामा प्रशस्त मात्रामा फाइबर पाइन्छ । यो राम्रोसँग पच्छ र यसले पाचन प्रक्रियालाई पनि बलियो बनाउँछ ।

- भिन्डी खानाले शरीरमा सुगरको मात्रा नियन्त्रित अवस्थामा रहन्छ । मधुमेहका रोगीलाई यो लाभदायक हुन्छ ।

- गर्भवती महिलाले भिन्डी खानाले भ्रुणको दिमागको विकास राम्रो हुन्छ । साथै, भिन्डी खाँदा गर्भ तुहिने जोखिम पनि घट्छ ।

- भिन्डीमा भिटामिन-के र फोलेट्स पाइन्छन्, जसले रगत जम्नबाट रोक्छन् र हड्डी बलियो बनाउने गर्छन् ।

- भिन्डीमा पाइने भिटामिन-सीलगायत तत्वले दमको असर कम गर्छ ।

- आयुर्वेदका अनुसार भिन्डीको फूल र पातलाई श्वासप्रश्वाससम्बन्धी रोग निको पार्न प्रयोग गरिन्छ । वैद्यको परामर्शमा भिन्डीको फूल र पातलाई ब्रोङकाइटिस र निमोनियाको उपचार गर्ने गरी प्रयोग गर्न सकिन्छ ।

- भिन्डीमा पाइने फाइबरले कब्जियतको समस्या कम गर्छ ।

- भिन्डी खानाले क्यान्सरको जोखिम घट्छ । भिन्डी खाइरहने गर्दा आन्द्रा, कोलोन-रेक्टल क्यान्सर लाग्ने सम्भावना कम हुन्छ ।

- भिन्डीमा क्यालोरी कम पाइन्छ, जसले गर्दा यो मोटाउने समस्या भएकाहरूका लागि लाभदायक हुन्छ ।

- भिन्डीमा सोल्युबल फाइबर पेक्टिन पाइन्छ, जसले शरीरमा खराब खालका कोलेस्टेरोलको मात्रालाई कम गरिदिन्छ ।

- भिन्डीमा पाइने भिटामिन-सीलगायत तत्वले छालामा जम्मा भएका विकारलााई पखाली छालालाई स्वस्थ राख्छ ।

- भिन्डीमा अक्सिडेन्ट्स, भिटामिन-सी, म्याग्नेसियम, क्याल्सियम, आइरनजस्ता तत्व प्रशस्त मात्रामा पाइन्छन्, जसले शरीरको रोगप्रतिरोधी क्षमता बढाउँछन् ।

- आँखा धमिलो देख्नेका लागि पनि भिन्डीको तरकारी खानु लाभदायक हुन्छ ।


- भिन्डीमा पाइने आइरन, भिटामिन-के आदिले रक्तअल्पता हुन दिँदैन ।

- रगतमा हेमोग्लोबिनको मात्रा कम छ र रेड ब्लड सेल आवश्यक मात्रामा छैन भने भिन्डी खाइरहने गर्नुपर्छ ।

- भिन्डीमा क्षार तत्व पाइन्छ, जसले अल्सरको असरलाई कम गर्न मद्दत पुर्याउँछ ।

- भिन्डी प्रोटिनको राम्रो स्रोत भएकाले शरीरमा प्रोटिनको इन्टेक बढाउन यसको तरकारी खान सकिन्छ ।

# चाणक्यका तीन महत्वपूर्ण भनाइ



आचार्य चाणक्य, जसले आफ्नो कुटनीतिको बलमा साधारण चन्द्रगुप्तलाई राजा बनाइदिएका थिए । उनले 'चाणक्य नीति' नामक पुस्तक लेखेका छन् । यस पुस्तकमा जीवन र जगतका बारेमा थुप्रै कुरा लेखिएका छन्, जो हामीलागि अनुकरणिय हुनसक्छ । साथै यसले हामीलाई सार्थक मार्ग पहिल्याउन मद्दत गर्छ ।

**धन खर्च गर्दा सोंच विचार गरौं**

धन आफैमा पूर्णता होइन । तर, यसले हाम्रो जीवनका अभाव र आवश्यक्ताहरु परि पूर्ति गर्न सघाउँछ । जब धन हुँदैन, हामी थुप्रै कुराको उपभोगबाट बञ्चित हुन पुग्छौं । सामान्य दैनिकी पुरा गर्न पनि हामीलाई धन चाहिन्छ । धनले सुख दिदैन, तर सुख प्राप्त गर्ने साधनहरु दिन्छ । धनले स्वस्थ्य बनाउँदैन, तर स्वस्थ्य जीवन यापनका लागि आवश्यक्ताहरु पुरा गरिदिन्छ । तर, धन त्यही मात्र हो, जो नितान्त तपाईंको बलबुतोले कमाइ गरिएको होस् । अर्कालाई झुक्याएर, छलेर, लुटेर कमाएको धनले तपाईंलाई कहिले पनि सुख र सन्तुष्ट दिदैन । बरु, त्यसले सधै शंका, भय, त्रास, मोहको दलदलमा फसाइदिन्छ । त्यसैले धन आफ्नो पसिना, बुद्धि(विवेकबाट आर्जन गरेको हुनुपर्छ । यसरी कमाएको धनले मात्र तपाईंको मनलाई शितल तुल्याउँछ । अन्य ढंगले आर्जन गरेको धनले तपाईंको मनलाई पोल्छ ।

जब हामी आफ्नो श्रम, आफ्नो लगाव, आफ्नो मेहनत, आफ्नो विवेक प्रयोग गरेर धन आर्जन गर्छौं, संञ्चय गर्छौं, त्यो धनले हामीलाई शक्ति दिन्छ । अतः यसरी आर्जन गरेको धन त्यही कुरामा खर्च गरौं, जसले सकारात्मक नतिजा दिन्छ । आफ्नो स्वस्थ्यका लागि, शिक्षाका लागि, घर(घडेरीका लागि, सुख(सुविधाका लागि खर्च गर्न सकिन्छ । तर, यसरी खर्च गर्दा सोच विचार गर्नुपर्छ कि, आफुले जुन कुरामा धन खर्च गरिदैछ त्यो कति उपयोगी छ ?

मदिरापान गर्ने, जुवातास खेल्ने जस्ता कुरामा आफ्नो आर्जन वा मेहनतको कमाई खर्चनु हुँदैन । त्यसो गर्नु भनेको हाम्रो वुद्धि भ्रष्ट हुनु हो । जब वुद्धि भ्रष्ट हुन्छ, हामी मान्छेको खोल पहिरिएका राक्षस जस्तो हुन पुग्छौं । वुद्धि भ्रष्ट भएपछि हामी कुकर्ममा लाग्छौं, हिंसामा लाग्छौं । जीवन नष्ट हुन्छ । खुसी र सुखहरु टाढा भाग्छन् । दुख, भय, लोभ आदिले सताउन थाल्छ ।

चाणक्यले भनेका छन्, 'कुबेरले पनि आफ्नो आयभन्दा बढी खर्च गर्न थालेमा कंगाल हुनेछ ।' अर्थात धन खर्च गर्दा आवश्यक्ताको प्राथमिकतालाई ध्यानमा राखेर खर्च गर्नुपर्छ । कुन अति आवश्यक कुरा हो, कुन नभई नहुने कुरा हुन्, कुन कुरा नभए पनि हुन्छ । यस्ता कुरामा ध्यान दिएर मात्र खर्च गर्नुपर्छ ।

**धन आर्जन गरौं । बचत गरौं । संयमित भएर खर्च गरौं ।**

**अल्छीपन त्यागौं**

हाम्रो सबैभन्दा ठूलो सत्रु को होला ? कसले हामीलाई प्रगति गर्नमा बाधा पुर्याएको होला ? कसले हाम्रो अनमोल समय वर्वाद गरिरहेको होला ?

छिमेकी, आफन्त, साथीभाइ, सहकर्मी कोही पनि यसका दोषी होइनन्र हुँदैनन् । दोषी हामी आफैभित्र छ । त्यो हो, अल्छीपन ।

जब हामी केही गर्न खोज्छौं, हामी भित्रको अल्छीपनले रोक्छ । जब हामी कुनै काम गर्न चाहन्छौं, हामी भित्रको अल्छीपनले छेक्छ । जब हामी मनमनै बुनिएको योजना कार्यन्वयन गर्ने सोंच बनाउँछौं, हामी भित्रको अल्छीपनले बाधा पुर्याउँछ । अर्थात आलस्य एवं अल्छीपन नै हाम्रो प्रगतिको वाधक हो ।

सफल व्यक्तिहरुको कथा पढौं, उनीहरुको दैनिक तालिका हेरौं, कतिपनि अल्छी गरेका पाइदैन । उनीहरुमा जाँगर हुन्छ । जाँगरसँगै उर्जा हुन्छ । उर्जासँगै रचनात्मक क्षमता हुन्छ । त्यही कुराले उनीहरुलाई प्रगतिपथमा अगाडि बढाउँछ । संसारमा जति गरिब छन्, त्यसमा धेरैजसो कारण उनीहरु आफै हुन् । हामी गरिब हुन्छौं, कमजोर हुन्छौं भने त्यसमा अरु भन्दा बढी हामी आफै जिम्मेवार छौं । किनभने फुटपाथबाट उठेर पनि कतिपयले विश्वलाई हाँक दिएका छन् । अर्थात पुटपाथमा जन्मनु नै समस्या होइन । एउटा प्रचलित भनाई छ नि, 'तिमी गरिबको कोखमा जन्मियौं, त्यो तिम्रो गल्ती होइन । गल्ती त त्यो हो, तिमी गरिब भएरै मर्‍यौं ।'

हामी गरिब हुन्छौं, कमजोर हुन्छौ भने त्यसमा सबैभन्दा ठूलो कारक हो, अल्छीपन । जाँगर गर्नेहरु कहिल्यै कमजोर हुँदैनन् । जीवनलाई सार्थक बनाउने, जीवनमा प्रगति गर्ने हो भने अल्छीपन त्याग्नुपर्छ । जाँगर गर्नुपर्छ, श्रम गर्नुपर्छ ।

**वर्तमानमा बाँच्न सिकौं**

हामी आसपासका छिमेकी, आफन्त, साथीभाईसँग सोधौं, उनीहरु भविष्यप्रति चिन्तित छन् । विद्यालय धाउने बच्चालाई भोलिको परीक्षाको भय छ । कुनै उद्यम सुरु गर्न लागेका तन्नेरीलाई भोलिको बजारको भय छ । छोराछोरी हुर्काइरहेका दम्पतीलाई उनीहरुको भविष्यको भय छ ।

हामी आज ढुक्कले बाँचेका छैनौं । किनभने हामीलाई भोलिको चिन्ताले भयभित तुल्याएको छ । हामी जे गर्छौं, जे गरिरहेका छौं, भोलिका निम्ति भनेर गरिरहेका छौं । अर्थात भोलिका निम्ति हामीले हाम्रो आजलाई त्याग गरिरहेका छौं । हामी भोलिको कुराबाट मात्र चिन्ताग्रस्त छैनौं । हिजोका कुराले पनि हामी पिरोलिएका छौं । हिजोको दिनमा भएका गल्ती, कमजोरीले हाम्रो मन पोलिरहन्छ । हिजो त्यसो गरेको भए हुन्थ्यो, त्यसो नगरेको भए हुन्थ्यो भन्ने औडाहले दुखी बनाइरहेको छ ।

हिजोको चिन्ता र भोलीको भय त्यागेर आजको दिनलाई सर्वोत्कृष्ट बनाउने प्रयास गर्नुपर्छ । आजको अर्थात वर्तमानलाई हामी जति रचानत्मक, जति उत्कृष्ट बनाउँछौं, भोलि र हिजोको डर एवं चिन्ता त्यसै हराउनेछ ।

वर्तमानका लागि हामी बाँच्नुपर्छ । भोलि कहिल्यै आउँदैन । हिजो त गुज्रिसक्यो नै । चाणक्यले भनेका छन्, 'हामीले भूतको बारेमा कहिल्यै पच्छताप गर्नु हुन्न, न त भविष्यको चिन्ता गर्नुपर्छ । विवेकवान व्यक्ति जहिले पनि वर्तमानमा बाँच्छन् ।'

## पर्यटन

# ऐतिहासिक महत्वको "बल्कोट पौवा"

प्रेमनारायण आचार्य

जंगबहादुर राणाको न्वरान भएको स्थान भनेर चिनिने बिचित्रको बल्कोटको पौवा प्रचार प्रसारको अभावमा ओझेलमा परेको छ। अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने लामो इतिहास बोकेको ऐतिहासिक पौवामा दिनहुँजसो राजनीतिक भेटघाट र कार्यक्रम भएपनि यसको संरक्षणमा कसैको ध्यान जान सकेको छैन।

जंगबहादुर राणाको पालामा तत्कालीन कर्नेल सनद सिंह टण्डनको नेतृत्वमा कालिगढको अत्यन्तै आकर्षक शैलीमा बनाइएको पौवा र त्यस भित्र शिवालय मठ, तथा अन्य मन्दिर समेत रहेका छन्।

विक्रम सम्वत १९ सय ४ सालमा निर्माण गर्न सुरु गरेर १० बर्षको समय लगाएर पौवा तथा मन्दिरहरु निर्माण गरिएको स्थानीय ७५ वर्षीय टेकराज पौडेलले बताए।

जंगबहादुरको बुबा बालनरसिंह राणा आर्मी अफिसर थिए। उनी बारुदखाना प्यूठानको प्रमुख थिए। १८ सय ६० को दशकमा जुम्लाको सिंजा प्रान्तमा गुठीको जग्गाले विवाद बढायो। बिबाद बढेपछि गुठीको विवाद समाधान गर्न बालनरसिंहलाई १८ सय ६९ मा जुम्ला खटाइएको थियो। जुम्लामा उनी श्रमतीलाइ लिएर गएका थिए।

जुम्लामै रहदा श्रिमती गर्भवती भइन्। त्यो समयमा गर्भवती हुदा माइती जाने प्रचलन थियो। उनी तत्कालीन प्रधानमन्त्री भीमसेन थापाकी बहिनी



थिइन्। जुम्लाबाट माइती गोर्खा जाने क्रममा अर्घाखाँचीको बांगलामा रहेका लामपाटी अर्थात् मथुरामा विक्रम सम्वत १८ सय ७४ सालमा उनले ७ महिनामा बच्चा जन्माइन। अर्थात् जंगबहादुर ७ महिनामा जन्मिएका थिए।

त्यसबेला लामपाटीमा घनाघोर जंगल रहेको थियो। नजिकैका कृषक पाण्डे थरकाले उनको स्याहार सुसार गरेको र पछि बल्कोटको पौवा रहेको स्थानमा लगि सुत्केरी र बच्चालाई राखेका थिए। त्यही स्थानीय खनाल थरका ब्राह्मणले न्वरान गराएर त्यो बालकको नाम वीर नरसिंह राखेको भनाइ रहेको सस्कृतिमा रुची राख्ने स्थानीय नारायण भट्टराइले बताए। सुत्केरी दरिली भएपछि उनी माइती गोर्खा गएकी थिइन्। पछि वीरनर सिंह जंगे स्वभावको भएको हुनाले उनको नाम जंगबहादुर रहेको थियो उनको भनाइ छ।

जंगबहादुरको जन्म कतिले गोर्खामा र कतिले काठमाडौको थापालीमा भएको भन्ने गर्छन्। उनी लाम्पाटीमा जन्मिएका थिए। त्यसैले जन्मको बारेमा एउटै ठाउँ कसैले भन्न नसकेको इतिहासकारको भनाइ रहेको छ।

इतिहासकार प्रा. दिनेशराज पन्त र युवराज शम्शेर जवराले जंगबहादुर लाम्पाटीमा जन्मिएको र वल्कोटको पौवामा आएर न्वरान भएको र पछि त्यसै स्थानमा कर्नेल सनदसिंह टण्डनको नेतृत्वमा विचित्रको पौवा निर्माण भएको उल्लेख गरेको गाँउपालिकाका अध्यक्ष लेखनाथ पोखेलले बताए।

पौवाको विषयमा तत्कालीन राजा श्री ५ सुरेन्द्र शाहको पालामा चारवटा लाल मोहर लागेका थिए। ती लाल मोहर तथा इतिहासकार पन्त र जबराको विश्लेषणलाई अर्घाखाँची सम्पर्क सदनको चिनारी २०७२ मा समावेश गरिएको उनले बताए।

आफू जन्मिएको लामपाटीमा पौवा तथा बगैंचा र न्वरान भएको ठाउँ बल्कोटमा विचित्रको पौवा निर्माण गर्न जंगबहादुरले लगाएर कर्नेल सनदसिंहले निर्माण गरेका थिए।

विचित्रको पौवा तथा मन्दिर निर्माण गरिसके पछि सञ्चालनको लागि सयौं विगाहा जमिन गुठीमा समेत रहेको छ। केही समय अघिसम्म पौवामा रहेको मन्दिरको संरक्षण गर्ने, फुलपाती टिप्ने, कोइला लैजाने, लिपपोत गर्ने, दैनिक विहान बेलुका बाजा बजाउनेको समेत व्यवस्था थियो छत्रदेव गाउँपालिका २ बल्कोटका वडा अध्यक्ष राजेस पन्थीले भने, 'हाल आएर पूजाआजा भइरहेको छ। दैनिक बाजा बजाउने कार्य हटेको छ। यसलाइ प्रचार प्रसार गर्ने कार्यमा सबैले सहयोग गर्नु पर्छ।'

काठका आकृतीमा यौन अंग र शेक्स देखाइएको शैलीमा निर्माण भएको विचित्रको पौवा निर्माण गरेका कालीगढको हात पछि गएर राणाकै पालामा काटिएको पनि स्थानीयको भनाइ छ। यद्यपी कसले कहिले कस्को हात काटेको भन्ने कसैले बताउन सकेका छैनन्।

कर्नेल सनदसिंहको पालामा बल्कोटको पौवा, मथुराको पौवा, पाल्पा र गुल्मीको सिमानामा रहेको मनवाक पौवा, ऋणिको बगैंचा, पाल्पा अर्गलीको बगैंचा, जोर्तको पौवा र बाटोमा रहेका गौमुखी धारा निर्माण भएको सामाजिक संस्कृतिक अध्यन गरिरहेका नारायण भट्टराइले बताए।

# श्रीलंकामा चुलियो राजनीतिक संकट



विष्णु भट्टराई

गत शुक्रबार श्रीलंकाको राजनीतिले नाटकीय मोड लियो । श्रीलंकाका राष्ट्रपति मैथ्रिपाला सिरिसेनाले गठबन्धन सरकारका प्रधानमन्त्री रनिल विक्रमासिंघेलाई पदच्युत गर्दै पूर्वराष्ट्रपति महिन्द्रा राजापाक्षेलाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि श्रीलंकामा राजनीतिक संकट छाएको छ । राष्ट्रपति सिरिसेनाको युनाइटेड पिपुल्स फ्रिडम पार्टी र बर्खास्तीमा परेका प्रधानमन्त्री विक्रमासिंघेको युनाइटेड नेसनल एलायन्स पार्टीको गठबन्धन सरकारमा अविश्वास र असमझदारीले उग्र रूप लिएपछि सिरिसेनाले गत शुक्रबार गठबन्धन टुटेको घोषणा गरे । लगत्तै सिरिसेनाले प्रधानमन्त्री विक्रमासिंघेलाई पदच्युत गरे र पूर्वराष्ट्रपति राजापाक्षेलाई प्रधानमन्त्रीमा नियुक्त गरे ।

विक्रमासिंघेले सिरिसेनाको कदम असंवैधानिक भएको र अझै पनि आफू नै प्रधानमन्त्री भएको दाबी गरिरहेका छन् । अर्कोतर्फ, सन् २०१५ को राष्ट्रपति निर्वाचनका आफ्ना प्रत्याशी तथा तत्कालीन राष्ट्रपति राजापाक्षेलाई सिरिसेनाले अहिले प्रधानमन्त्रीमा नियुक्त गरेसँगै श्रीलंकाको विकसित राजनीतिले धेरैलाई आश्चर्यमा पारेको छ । पछिल्लो राजनीतिक विकासक्रमले श्रीलंकामा भारतविरोधी शक्ति हाबी भएको स्पष्ट संकेतसमेत दिएको छ ।

राजापाक्षे राष्ट्रपति हुँदै ८ जनवरी २०१५ मा श्रीलंकामा राष्ट्रपति निर्वाचनको मिति तय गरिएको थियो । मुख्य प्रतिपक्षी पार्टीका रूपमा रनिल विक्रमासिंघेको युनाइटेड नेसनल पार्टी थियो । राष्ट्रपतिको उम्मेदवारको चर्चा चलिरहँदा प्रतिपक्षी पार्टीले मैथ्रिपाल सिरिसेनालाई राजापाक्षेको प्रतिस्पर्धीका रूपमा उठाउने घोषणा ग(यो । विपक्षी पार्टीलाई पूर्वराष्ट्रपति चन्द्रिका कुमारातुंगाले समेत समर्थन गरेकी थिइन् । राजापाक्षेको तत्कालीन पार्टी पिपुल्स फ्रिडमका सदस्य तथा आफ्नै मन्त्रिपरिषद्मा रहेका स्वास्थ्यमन्त्री सिरिसेनालाई राष्ट्रपतिको प्रत्याशीका रूपमा निर्वाचनमा उठाउने विपक्षीको घोषणाले पूरै श्रीलंकालाई हल्लाइदियो ।

विपक्षीको घोषणालगत्तै सिरिसेनाले मन्त्रीबाट राजीनामा दिएर प्रतिपक्षी पार्टीका तर्फबाट राष्ट्रपतिको चुनाव लड्ने उद्घोष गरे । सिरिसेनाको यस्तो चालबारे राजापाक्षेले सोचेका पनि थिएनन् । तर, पनि आफूभन्दा 'लो प्रोफाइल' भएका सिरिसेनाले आफूलाई पराजित गर्न नसक्ने ठम्याइ राजापाक्षेले गरेका थिए । राष्ट्रपति निर्वाचनमा सिरिसेनाले राजापाक्षेलाई अप्रत्याशित रूपमा पराजित गरिदिए । तर, राजापाक्षेले निर्वाचन परिणाम अस्वीकार गर्दै निर्वाचन नतिजा रद्द गरेर शक्तिमा रहिरहने प्रयास गरे । उनको प्रयासलाई सेना र प्रहरी प्रमुखहरूले साथ नदिएपछि राजापाक्षेले राष्ट्रपतिबाट राजीनामा दिए र सिरिसेनाले राष्ट्रपतिको पदभार सम्हाले । राष्ट्रपति सिरिसेनाले विक्रमासिंघेलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरे ।

यसरी राजापाक्षेको शासन समाप्त भएको थियो । यसको एक महिनापछि आमनिर्वाचनका लागि मार्गप्रशस्त गर्न भन्दै सिरिसेनाले संसद् विघटन गरे । संसद् विघटन भएपछि सिरिसेनाको युनाइटेड पिपुल्स फ्रिडम पार्टी र विक्रमासिंघेको युनाइटेड नेसनल एलायन्स पार्टीले गठबन्धन गरेर पार्टी चलाउन थालेका थिए । राष्ट्रिय सरकारको रूपमा विक्रमासिंघेले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने सहमति भएको थियो । गठबन्धन सरकारको दुई वर्षसम्म दुवै नेताले एक-अर्कालाई राम्रो सहयोग गरेर अघि बढिरहेका थिए । एक दशकपछि श्रीलंकामा जनताले वास्तविक प्रजातन्त्रको अनुभूति गरिरहेका थिए । राजापाक्षेको शासनमा प्रेस स्वतन्त्रता र नागरिक समाजले भोगेको त्रासबाट जनताले राहतको महसुस गरिरहेका थिए ।

तर, दुई वर्षपछि गठबन्धन सरकारमा खटपट सुरु हुन थाल्यो । देशको आर्थिक र सुरक्षा तथा आन्तरिक र विदेशी नीति कसरी अघि बढाउने भन्ने सन्दर्भमा सिरिसेना र विक्रमासिंघेबीच मतभेद सुरु हुन थाल्यो । एसियाका दुई ठूला राष्ट्र चीन र भारतबारे कस्तो विदेश नीति लिने भन्ने सन्दर्भमा यी दुई नेताबीचको फरक मत रह्यो । तर, जे भए पनि विक्रमासिंघेकै बलमा राष्ट्रपति बनेका सिरिसेनाले उनलाई धोका देलान् भन्ने अपेक्षा धेरैले गरेका थिएनन् । सिरिसेना र विक्रमासिंघेबीच शक्तिको क्षेत्राधिकारको सन्दर्भमा पनि टकराव हुँदै आएको थियो ।

यस्तो माहोलबीच गत शुक्रबार सिरिसेनाले विक्रमासिंघेलाई पदमुक्त गर्दै श्रीलंकाको राजनीतिक शक्तिमा राजापाक्षेको पुनरागमन गराएका छन् । १० फेब्रुअरी २०१८ मा श्रीलंकामा भएको स्थानीय निर्वाचनमा महिन्द्रा राजापाक्षेको नयाँ पार्टी श्रीलंका पोदुजाना पेरामुनाले ४०.४७ प्रतिशत मत ल्याएर सबैभन्दा ठूलो पार्टी बनेपछि सिरिसेना राजापाक्षेनजिक भएका छन् । उक्त निर्वाचनमा सिरिसेना नेतृत्वको पिपुल्स फ्रिडम एलायन्सले मात्र १२.१० प्रतिशत मत ल्याएको थियो । सन् २०१९ मा श्रीलंकामा राष्ट्रपतिको निर्वाचन हुँदै छ । खस्कँदो जनमतलाई समेत मध्यनजर गरेर सिरिसेना राजापाक्षेसँग नजिकिएको देखिन्छ ।

आफूलाई पदमुक्त गर्ने सिरिसेनाको कदमलाई विक्रमासिंघेले गैरसंवैधानिक र प्रजातन्त्रविरुद्धको 'कु' को संज्ञा दिएका छन् । प्रधानमन्त्रीलाई हटाउने अधिकार राष्ट्रपतिलाई नभएको र अझै पनि आफू नै प्रधानमन्त्री रहेको दाबी विक्रमासिंघेको छ । उनले आफ्नो बहुमत प्रमाणित गर्ने अठोट व्यक्त गरेका छन् । उनको यस्तो दाबीका बीच राष्ट्रपतिले चालू संसद् अधिवेशन अन्त्यको घोषणा गरेका छन् । १६ नोभेम्बरबाट अर्को अधिवेशन सुरु हुने घोषणा पनि शनिबार नै भएको छ । यसको अर्थ विक्रमासिंघेले दाबी गरेजस्तो संसद्मा आफ्नो बहुमत प्रमाणित गर्ने अवसर गुमाउनेछन् । यसरी हेर्दा श्रीलंकामा अहिले दुईजना प्रधानमन्त्री भएको स्थिति छ । सिरिसेनाको कदमविरुद्ध कानुनी उपचार खोज्ने चेतावनीसमेत विक्रमासिंघेले दिएका छन् । सन् २०१५ मा भएको श्रीलंकाको १९औँ संविधान संशोधनले प्रधानमन्त्रीलाई राष्ट्रपतिले सीधै पदच्युत गर्न नसक्ने व्यवस्था छ ।



संशोधित व्यवस्थाअनुसार प्रधानमन्त्री स्वयंले राजीनामा दिए वा संसद्को सदस्य नरहेको अवस्थामा मात्र पदबाट हट्ने व्यवस्था छ । संविधानको धारा ४२ (४)ले संसद्को विश्वास लिन सक्ने संसद् सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्न सक्ने व्यवस्था छ । तर, धारा ४६ (२)ले प्रधानमन्त्रीले लिखित रूपमा राष्ट्रपतिसमक्ष राजीनामा दिएमा वा संसद् सदस्य नरहे पदबाट मुक्त हुने व्यवस्था छ । यसर्थ यस्तो अन्योलबीच विक्रमासिंघेले कानुनी उपचार खोज्दा के हुने भन्ने विषय अब श्रीलंकाका नवनियुक्त प्रधानन्यायाधीश नलिन परेसाको व्याख्यामा भर पर्नेछ । दुई सय २५ सिटको श्रीलंकाको संसद्मा विक्रमासिंघेको युनाइटेड नेसनल एलायन्स पार्टीको एक सय ६, राष्ट्रपति सिरिसेनाको युनाइटेड पिपुल्स फ्रिडम पार्टीको ९५ र राजापाक्षेको तामिल नेसनल एलायन्सको १६ सिट छ ।

सन् २०१५ को राष्ट्रपति निर्वाचनमा आफ्ना प्रत्याशी तथा तत्कालीन राष्ट्रपति राजापाक्षेलाई पराजित गरेका सिरिसेनाले अहिले प्रधानमन्त्रीमा नियुक्त गरेसँगै श्रीलंकाको विकसित राजनीतिले धेरैलाई आश्चर्यमा पारेको छ । पछिल्लो राजनीतिक विकासक्रमले श्रीलंकामा भारतविरोधी शक्ति हाबी भएको स्पष्ट संकेतसमेत दिएको छ ।

दक्षिण एसियाको भूराजनीतिका कारण श्रीलंकाको राजनीतिले अप्रत्याशित रूप लिएको छ । गत हप्ता मात्रै भारतीय रअले आफ्नो हत्या गर्ने योजना बनाएको अभिव्यक्ति राष्ट्रपति सिरिसेनाले दिएका थिए । तर, रअको यस्तो षड्यन्त्रमाथि पर्याप्त अनुसन्धान नगरेको भन्दै सिरिसेना विक्रमासिंघेसँग रुष्ट भएका थिए । सिरिसेनाको यस्तो अभिव्यक्तिप्रति भारतले कुनै प्रतिक्रिया दिएको छैन । विक्रमासिंघे भारतनिकट मानिँदै आएका छन् भने राजापाक्षे चीननजिक । राजपाक्षे विगतमा चीनसँग नजिकिएको इतिहासले भारत चिन्तित भने भएको हुनुपर्छ । तमिल पृथक्तावादी शक्तिसँगको २६ वर्षे लामो लडाइँ अन्त्य गरेपछि श्रीलंकाको पुनर्निर्माणका लागि भनेर राजापाक्षले अर्बौं अमेरिकी डलरको लगानी चीनबाट लिएका थिए । यसका लागि श्रीलंकाले दक्षिणी होम्बान्टोटा बन्दरगाह चीनलाई दिएको थियो । जसका कारण भारत र अमेरिकासमेत राजापाक्षेबाट सशंकित भएका थिए । हालै मात्र भारतले श्रीलंकाको हम्बान्टोटास्थित मटला राजपक्षे अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि श्रीलंकासँग सहमतिको प्रयास गरिरहेको थियो । भारत र चीनलाई खुसी बनाउन देशका महत्वपूर्ण भाग जिम्मा लगाउने काम भएको भनी विपक्षीहरूले आलोचना गर्दै आएका छन् । पछिल्लो समय पनि राष्ट्रपति सिरिसेना र प्रधानमन्त्री विक्रमासिंघेबीच राष्ट्रिय सुरक्षाको विषयलाई लिएर विमति बढिरहेको थियो ।

सभामुख कारु जयसुरियाले विक्रमासिंघे नै वैधानिक प्रधानमन्त्री भएको र राष्ट्रपतिले प्रधानमन्त्रीलाई अपदस्थ गर्न नमिल्ने तर्क गरेका छन् । राष्ट्रपति सिरिसेनाले संविधानविपरीत विक्रमासिंघेलाई प्रधानमन्त्रीको पदबाट हटाएको र महिन्दा राजापाक्षेलाई नियुक्त गरेको सभामुखको भनाइ छ । अर्को पार्टीको नेताले संसद्मा आफ्नो पक्षमा बहुमत पुष्टि नगर्दासम्म विक्रमासिंघेले नै प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न पाउनुपर्ने उनले बताएका छन् ।

राष्ट्रपतिद्वारा नयाँ प्रधानमन्त्रीका रूपमा नियुक्त भएका राजापाक्षेको पार्टीले भने संसद्मा राजापाक्षेले बहुमत जुटाउने दाबी गरेको छ । त्यसैगरी, अपदस्थ प्रधानमन्त्री विक्रमासिंघेले पनि संसद्मा आफ्नो बहुमत रहेको दाबी गर्दै आएका छन् ।

आफ्नो बहुमत देखाउन अपदस्थ प्रधानमन्त्री विक्रमासिंघेले तत्काल संसद् बैठक बोलाउन माग गरिरहेका वेला राष्ट्रपति सिरिसेनाले भने शनिबार संसद्को बैठक नै स्थगित गरिदिएका छन् । संसद्मा आफूमाथि महाअभियोग लाग्न सक्ने आशंकामा संसद् अधिवेशन आगामी नोभेम्बर १६ सम्मका लागि स्थगित गरेका छन् । राष्ट्रपतिले प्रधानमन्त्रीलाई हटाएको र प्रधानमन्त्रीको दल सत्ताधारी गठबन्धनबाट हटेको अवस्थामा हुन सक्ने सम्भावित झडपलाई मध्यनजर गर्दै देशको सुरक्षा स्थिति मजबुत पारिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । सबै सुरक्षाकर्मीलाई बिदामा नबस्न निर्देशन दिइएको छ । राष्ट्रपति सिरिसेनाको सत्तारुढ दलले नै मौजुदा गठबन्धन सरकार छोड्ने निर्णय गरेपछि राष्ट्रपतिले प्रधानमन्त्री परिवर्तन गरेका हुन् । सिरिसेनाको पार्टी र निवर्तमान प्रधानमन्त्री विक्रमासिंघेको पार्टीले सन् २०१५ देखि सत्ता गठबन्धन गरेका थिए ।

आफ्नै पार्टीले सरकार छाड्ने निर्णय गरेपछि राष्ट्रपति सिरिसेनाले आफ्नै प्रतिस्पर्धी राजापाक्षेलाई शुक्रबार प्रधानमन्त्रीमा नियुक्त गर्दै शपथसमेत गराएका थिए । राष्ट्रपति निर्वाचनमा सिरिसेनाले राजापाक्षेलाई पराजित गरेका थिए । यसैबीच श्रीलंकाका राष्ट्रपति मैत्रीपाला सिरिसेनाद्वारा नियुक्त प्रधानमन्त्री महिन्दा राजापाक्षले सोमबारदेखि आफ्नो कार्यभार सम्हालेका छन् । श्रीलंकाको संसद्का सभामुखले राष्ट्रपति मैत्रीपाला सिरिसेनालाई संसद् स्थगन गर्ने उनको निर्णयमाथि पुनर्विचार गर्न आह्वान गरेका छन् । राष्ट्रपतिलाई लेखेको पत्रमा सभामुख करु जयसुर्याले राष्ट्रपतिको कदमले 'गम्भीर र अप्रिय परिणाम निम्त्याउन सक्ने' भन्दै पुनर्विचारका लागि आग्रह गरेका हुन् । जारी संवैधानिक संकटको अवस्थामा बर्खास्त गरिएका प्रधानमन्त्री रनिल विक्रमसिंघेसहित सबै श्रीलंकाली सांसदको अधिकारको संरक्षण गर्नुपर्ने जयसुर्याले बताएका छन् ।

श्रीलङ्काका नवनियुक्त प्रधानमन्त्री महिन्दा राजापाक्षले तनावबीच नयाँ मन्त्रिपरिषदको सपथ गराउनुभएको छ । राष्ट्रपति मैत्रीपाला सिरिसेनामाथि संसदको बैठक आह्वान गर्न दबाब बढ्दै गएको समयमा सोमबार मन्त्रिपरिषद गठन भएको हो ।

नवगठित मन्त्रिपरिषदमा अर्थ मन्त्रालयको कार्यभार राजापाक्ष स्वयंले लिनुभएको छ भने विदेश मन्त्रीको कार्यभार सरथ अमुनगुमालाई दिइएको थियो । यसबाहेक, पूर्व सरकारमा राष्ट्रपति सिरिसेनाका समर्थकका रुपमा सहभागी रहेका केही मन्त्रीहरुले पुरानै जिम्मेवारी पाएका छन् । यहीबीच, संसदमा बहुमत रहेको दाबी गर्दै पूर्व प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले जतिसक्दो चाँडो संसदको बैठक आह्वान गर्न आग्रह गर्नुभएको छ । प्रधानमन्त्रीबाट आफूलाई अपदस्थ गरिएको भन्दै उहाँले आफ्ना समर्थकलाई कोलम्बोमा बुधबार भेला हुन आह्वान गर्नुभएको छ । कूल २२५ सदस्यीय संसदमा १२६ जना सांसदले हस्ताक्षर गरी संसदको बैठक जतिसक्दो चाँडो आह्वान गर्न सभामुखसँग आग्रह गरेका छन् । सभामुखले एक चेतावनी पत्र जारी गर्दै तत्काल संसदको आपतकालीन बैठक नबसे मुलुकमा हिंसात्मक परिस्थिति सिर्जना हुनसक्ने बताउनुभएको छ । कोलम्बोमा एकजनाको ज्यान जानेगरी भएको एक गोलीकाण्डमा प्रहरीले संसद सदस्य अर्जुना रणतुङ्गालाई गिरफ्तार गरेको छ । विश्वकप विजेता श्रीलङ्काली टोलीका कप्तान समेत रहिसकेका रणतुङ्गालाई प्रहरीले जमानतमा छाडेको थियो । राष्ट्रपति सिरिसेनाले प्रधानमन्त्री रनिल विक्रमासिङ्घेलाई शुक्रबार राति अपदस्थ गरी महिन्दा राजपाक्षलाई प्रधानमन्त्रीमा नियुक्त गरेसँगै श्रीलङ्कामा राजनीतिक तनाव बढेको छ । यो नाटकीय सत्ता परिवर्तनका कारण सत्तारुढ गठबन्धन श्रीलङ्का फ्रिडम पार्टी र युनाइटेड नेसनल पार्टीबीचको एकता पनि टुटेको छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### करोडौं खर्च गरेर गाईलाई अंकमाल ?




विज्ञानले पनि मानिसकेको छ कि जनावरसँग खेल्दा वा समय बिताउँदा मानिसको मस्तिष्कलाई आनन्द प्राप्त हुन्छ । हालै अमेरिकामा चलेको एउटा ट्रेण्डले यो भनाइलाई थप पुष्टि गरेको छ । अहिले अमेरिकामा एउटा नयाँ अभियान चलिरहेको छ । यसलाई ऋयध ऋगममष्लिन अर्थात् गाईलाई अंकमाल गरौं भन्ने रहेको छ । अमेरिकीहरु यो अभियानमा एकपछि अर्को गर्दै भाग लिइरहेका छन् । यतिमात्र होइन, यो अभियानमा मन खोलेर खर्च पनि गरिरहेका छन् ।

यो अभियानमा मानिसहरुले प्रति ९० मिनेटको अंकमालमा ३ सय डलर रकम तिर्ने गर्दछन् । यसबाट मानिसहरुले रिल्याक्स महसूस गर्दछन् । यसको उद्देश्य जनावरको हेरचाह र सुरक्षामा मानवीय संवेदनशीलताको वृद्धि गर्नु हो ।

गाईसँगको अंकमालबाट मानिसको स्वास्थ्यलाई फाइदा पुग्दछ भन्ने वैज्ञानिक अध्ययनबाट पुष्टि भइसकेको छ । मानिसको शरीरको तापमान भन्दा गाईको शरीरको तापक्रम बढी हुन्छ । गाईको मुटुको धड्कन पनि मानिसको भन्दा तीव्र हुन्छ ।

### "क्याटवाक" मा बिरालो

मोडलहरु र्याम्पमा उत्रिएर खुट्टा बंग्याउँदै हिड्नुलाई क्याटवाक भनेर चिनिन्छ । मान्छे हिँडेको कुरालाई किन क्याटवाक भनियो होला ? भन्ने प्रश्न उठ्नसक्छ । सायद त्यहीँ भएर होला टर्कीमा हालै साँच्चीकै क्याटवाक गरिएको छ । अर्थात् बिरालो नै स्टेजमा उत्रिएर क्याटवाक गरेको छ ।



टर्कीको स्तानबुलमा एक फेसन शो का क्रममा वास्तविक क्याटवाक भएको हो । यद्यपि, फेसन शोमा बिरालोकै क्याटवाकको आयोजना गरिएको थिएन । क्याम्पमा मोडलहरुले क्याटवाक गरिरहेको बेला अचानक एउटा बिरालो स्टेजमा देखा पर्यो। बिरालोले स्टेजमा बसेर अनौठो हर्कत गरिरहेको थियो ।

एकपछि अर्को गर्दै मोडेलहरु क्याटवाक गरिरहेका थिए । तर बिरालोलाई कुनै मतलब थिएन । जिउ कन्याइरहेको थियो । केहीबेरपछि बिरालो उठ्यो र स्टेजमा हिँड्न थाल्यो । मानिसहरु अचम्ममा परिरहेका थिए । आफ्नो अगाडि बिरालो हिँडिरहेको देखेपछि क्याटवाक गरिरहेकी मोडेल पनि अचम्ममा परिन् र हाँस्न थालिन् । बिरालोले ती मोडेललाई झम्टिने प्रयास गर्यो, तर सकेन । पुनः स्टेजमा अगाडि बढ्यो ।

### बियरको नाम गणेश राखेपछि...




केही समय पहिले स्विजरल्याण्डमा पूर्वराजा विरेन्द्रको फोटोसहितको वीरेन्द्र वियर उत्पादन गरिएको विषयले विवाद उत्पन्न गरेको थियो । वियरको नामको यस्तो विवाद फेरि निस्किएको छ । बेलायतको एक बियर कम्पनीले हिन्दू भगवान गणेशको नामको बियर उत्पादन गरेपछि विवाद भएको हो ।

इंगल्याण्डको वेस्ट योर्कशायरमा रहेको एक कम्पनीले आफूले उत्पादन गरेको बियरको नाम गणेश राखेपछि धेरै हिन्दू धर्मावलम्बीले विरोध जनाएका छन् ।तीव्र आलोचनापछि अन्ततः कम्पनीले अबदेखि गणेश नामको बियर उत्पादन बन्द गर्ने घोषणा गर्न बाध्य भएको छ । गणेश बियर उत्पादन गर्ने कम्पनीको नाम विशबोन ब्रुअरी लिमिटेड हो । गत महिना म्यानचेस्टरमा आयोजित बियर फेस्टिबलमा उक्त कम्पनीले गणेश ब्राण्डको बियर राखेपछि धेरैको ध्यान तानेको थियो र त्यसले चर्चा र विवाद निम्त्याएको थियो ।

खासगरी भारतीय उपभोक्तालाई आकर्षित गर्नका लागि कागती, धनिया अंगूर तथा क्यामोमिलगायतका प्रयोग गरी कम्पनीले उक्त बियर उत्पादन गरेको थियो र नाम पनि गणेश राखेको थियो । तर , मानिसहरुले भगवानलाई रक्सीसँग जोडेको मन पराएनन् । अन्ततः तीव्र विरोधपछि कम्पनीले उक्त नामका बियर उत्पादन नगर्ने निर्ण गरेको हो ।

### कुमारित्व परीक्षण



कुनै पनि महिलाले देशको प्रहरीमा भर्ना हुनका लागि भर्जिन हुनुपर्ने कानून लागू गरिन्छ भने के होला ?

हाम्रो देशमा त यस्तो सायद अब सम्भव छैन । तर दुनियाको ठूलो मध्येको एक देश इण्डोनेसियामा चाहीँ यस्तो अनौठो तथा विभेदकारी नियम रहेछ ।

हो, इण्डोनेसियामा पुलिसमा भर्ति हुन चाहने महिलाले आफ्नो भर्जिनिटी टेष्ट गराउनु पर्दछ । उक्त परीक्षणमा कुमारी नठहरिएका महिला पुलिसमा भर्ना हुन पाउँदैनन् ।

अझ आपत्तिजनक त के भने महिला उम्मेदवारको कुमारित्व परीक्षण पुरुष अधिकारीहरुद्वारा गराइन्छ । यस्तो परीक्षणलाई दुई औंले परीक्षण भनिन्छ । जहाँ पुलिसमा भर्ना हुन आएका महिला उम्मेदवारको यौनांगमा दुई औंला छिराएर योनी जाली च्यातिए नच्यातिएको परीक्षण गरिन्छ ।

इण्डोनेसियामा महिलाको कुमारित्व परीक्षणलाई आधिकारिक रुपमा अनुमति नदिइने भए पनि पुलिसमा भर्नाका क्रममा भने यस्तो परीक्षण एउटा मुख्य मापदण्डको रुपमा रहिआएको अकल्याण्ड विश्वविद्यालयले गरेको एक अध्ययनले देखाएको छ ।

महिलाले पुलिसमा भर्ना पाउनका लागि आफुलाई केवल भर्जिन प्रमाणित गरेर पुग्दैन । सुन्दरताका अन्य धेरै मापदण्डहरु पनि पूरा गर्नुपर्ने हुन्छ ।

### पिसाबबाट इँटा

दक्षिण अफ्रिकाको केप टाउन विश्वविद्यालयका केही विद्यार्थीहरुले पर्यावरण संरक्षणलाई ध्यानमा राख्दै एक नयाँ प्रयोग गरेका छन् । उनीहरुले मानिसको पिसाब प्रयोग गरी इँटाको उत्पादन गर्न सफल भएका छन् ।

त्यसक्रममा मानिसको पिसाबमा बालुवा र ब्याक्टेरिया मिसाए । जसबाट सामान्य तापक्रममै मजबूत इँटा



बनाउन उनीहरु सफल भए ।

केपटाउन विश्वविद्यालयमा ती शोधार्थीहरुका सुपरभाइजर डायलन रेन्डलका अनुसार पिसाबबाट इँटा बनाउने यो प्रक्रिया समुद्रमा मुगा बन्ने प्रक्रिया जस्तै हुन्छ ।

सामान्य इँटा भट्टीहरुमा काँचो इँटालाई निकै उच्च तापक्रममा पकाइन्छ । जसका कारण निकै धेरै कार्वनडाइ अक्साइड उत्पादन हुन्छ र त्यसले पर्यावरणमा नोक्सान पुर्याउँदछ ।

पिसाबबाट इँटा बनाउने यस प्रक्रियामा सबैभन्दा पहिले विश्वविद्यालयको पुरुष शौचालयबाट पिसाब संकलन गरियो ।

उक्त पिसाबलाई जैविक प्रक्रियाका लागि प्रयोग गरिन्छ, जसलाई बायो ब्रिक्सको नाम दिइन्छ । एउटा इँटा बनाउनका लागि २५ देखि ३० लिटर पिसाबको आवश्यकता पर्दछ । अर्थात् एकजना मानिसले १ सय पटक गरेको पिसाबबाट एउटा इँटा बनाउन सकिन्छ ।

### घोडाको रङ फेरियो

भारतको पञ्जाबमा फरिदकोटमा बस्ने करनबीर इन्टर सिंह नामका व्यक्तिले साढे १७ लाख भारु अर्थात् २८ लाख रुपैयाँ हालेर स्थानीय घोडा व्यापारी मेवा सिंहसँग गत नोभेम्बरमा एउटा कालो रङको घोडा खरीद गरेका थिए । त्यो घोडा निकै नै असल मारवाडी नश्लको भएको दाबी मेवा सिंहले गरेका थिए । सुरुमा २४ लाख भरु मूल्य गरेकोमा अन्तिममा साढे १७ लाख भारुमा कुरा मिलेर घोडा किनबेच भयो ।

करनबीरले घोडा किनेर घरमा ल्याए । मन परेको रङको घोडाको स्याहार सुसारमा उनी निकै खटिए । तर केही दिनमै घोडाको रङ बदलिन थाल्यो । ठाउँ ठाउँमा सेतो रौँका टाटाहरु देखिन थाले । सुरुमा त उनले त्यसलाई नजर अन्दाज गरेतर केही दिनपछि नै उनको घोडा पूर्ण रुपमा सेतो बन्यो ।

कालो घोडा सेतो भएको विषयमा उनले घोडा बेच्ने मेवा सिंहसँग पनि कुरा गर्ने कोसिस गे । तर मेवा सिंहले कुनै जवाफ दिएनन् । अन्ततः करनबीरले पुलिसमा उजुरी गरे ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## दाइजोमा स्वतन्त्रता



नेताजी सुवासचन्द्र बोसको विवाहको उमेर ढल्कँदै थियो । उनले कहिले विवाह गर्छन् भन्ने जिज्ञासा धेरैमा हुनु स्वाभाविक थियो । एक दिन उनका शुभचिन्तकले प्याच्च मुख फोरिहाले– नेताजी तपाईंले किन विवाह नगर्नुभएको ? नेताजीले प्रत्युत्तरमा भने– मलाई दाइजो दिने चाहिन्छ । ती शुभचिन्तकले थपे– तपाईं चाहनोस् मात्रै तपाईंलाई कसले छोरी र मागेको दाइजो दिँदैन र ? तपाईंसँग नाता गाँस्न कयौं धनाढ्य व्यक्तिहरू तयार छन् । तपाईं जे चाहनुहुन्छ दाइजोमा त्यो उनीहरूले दिनेछन् । तपाईंलाई के चाहिएको हो संकेत मात्र गरे पुग्छ । नेताजीले तुरुन्त भने– हो मलाई दाइजो चाहिन्छ । स्वतन्त्रताको दाइजो ।

मेरो देशको स्वतन्त्रतालाई कसैले मलाई दाइजोमा दिन सक्छ ? कोही तयार छ ? नेताजीले मागेको दाइजो सुनेर विवाहको कुरा गर्ने ती शुभचिन्तकले शिर झुकाए । नेताजी सुवासले आफ्नो व्यक्तिगत जीवनभन्दा पनि भारतको स्वतन्त्रतालाई धेरै महत्व दिएका थिए । उनी व्यापारको सिलसिलामा भारत आएका अंग्रेजहरूलाई सशस्त्र युद्ध गरी खेदाउन चाहन्थे । इस्ट इन्डिया कम्पनीको नाममा व्यापारिक प्रयोजनका लागि आएका अंग्रेजहरूले भारतमाथि झन्डै २ शताब्दीसम्म एकछत्र राज गरेका थिए । पछि यिनै नेताजीले नेतृत्व गरेको आजाद हिन्द फौजले अंग्रेजहरूलाई भारतबाट लखेटेको थियो । नेताजीले निकै पाको भएपछि मात्रै विवाह गरेका थिए । अहिले पनि उनकी एक छोरी जर्मनीसँग विवाह गरेर जर्मनमै बस्छिन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

### बृष

हतारको निर्णयले समस्या निम्त्याउन सक्छ । आत्मसम्मानका लागि मौन रहनु बेस होला । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन् । ठूलो आशा देखाउनेहरूबाट सावधान रहनुहोला । बोली व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले फाइदा दिलाउनेछ ।

### मिथुन

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । सहयोगीहरूले साथ दिनेछन् भने पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ । आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन् । बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ ।

### कर्कट

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### सिंह

परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन् । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिचान गर्न सकिनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

### कन्या

पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ । अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । मिहिनेत गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ ।

### तुला

केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ । लगनशीलताले अवसर दिलाउन सक्छ । श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । तर ढिलासुस्ती गर्दा वा आँटले काम लिन नसक्दा केही पछि परिनेछ ।

### वृश्चिक

काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ । मिहिनेत गर्दा लगानी उठाउन सकिनेछ । आवश्यक गर्दा कर्जामार्फत धन प्राप्त हुनेछ । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ ।

### धनु

मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन उदास रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ । आफन्तसँग जोगिएर काम लिनुपर्ला । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राका क्रममा वादविवाद हुनाले उद्देश्य पूरा नहुन सक्छ ।

### मकर

अवसर आए पनि वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सजग रहनुहोला । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । मिहिनेत गर्दा काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । अधिकारका लागि केही जोखिम उठाउनुपर्ला ।

### कुम्भ

अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिए पनि मिहिनेतले योजना कार्यान्वयनमा ल्याउन सकिनेछ । व्यवसायमा फाइदा उठाउन समय पर्खनुपर्नेछ । तापनि पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । आफ्नो धनमाल र उपलब्धि सुरक्षामा भने विशेष ध्यान पुर्‍याउनुहोला ।

### मीन

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । तापनि, साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्नुहोला । आफन्तभन्दा सहयोगीका माध्यमबाट काम बनाउन सकिनेछ ।

# तिहारको महत्व

**लक्ष्मी बराल**

तिहार कार्तिक कृष्णपक्षको त्रयोदशीदेखि लगातार पाँच दिनसम्म मनाइन्छ । यस अवधिलाई मृत्युका देवताको नाम जोडेर यमपञ्चक भनिए पनि वास्तवमा यो यमराजले आफ्नो कामबाट बिदा लिएर उत्सव मनाएको अवधि हो । पौराणिक आख्यानअनुसार मानिसले जीवनभर गरेका शुभाशुभ कर्मको लेखाजोखा गरी मृत्युपश्चात् त्यसअनुसार कर्मफल प्रदान गर्ने देवता यमराज हुन् । यमपञ्चकमा बहिनी यमुनाको निम्तो मानी भाइटीका लगाउन उनी पृथ्वीलोकमा आउँछन् । पृथ्वीमा पाहुनाको रूपमा आउने हुनाले यो समयमा यमराज र उनका दूतसमेतलाई पूजाआजा गरेर खुसी तुल्याउने चेष्टा गरिन्छ । मृत्यु शाश्वत सत्य हुँदाहुँदै पनि बाँचुन्जेल सुखमा रमाउने चेष्टा गर्नु मानवीय गुण हो । त्यसैले पनि साक्षात् मृत्युका देवताको सम्मानमा दीप जलाई वर्षभरि घरभित्र प्रवेश नगर्न तथा अपमृत्यु, दुर्घटना आदि नगर्न उनलाई आग्रह गरिन्छ । काग र कुकुरलाई यमपाशबाट जोगाउन सक्ने दूतका रूपमा पूजा गरिन्छ भने आयुर्वेदका देवता धन्वन्तरिलाई समेत उपचार सिद्धि र आरोग्य प्राप्तिका लागि पूजा गरिन्छ ।

कार्तिक महिना अर्थात् सूर्यनारायण नीचराशिमा रहने समय । त्यसमाथिको अमावस्या, चन्द्रमासमेत क्षीण र नीचाभिलाषी भई कमजोर रहेको कालो रात्रि । तर यही औंसीको कालो रातमा ज्ञान र चेतनारूपी दीपहरूद्वारा महालक्ष्मीको आरती गरी सुख र समृद्धिको साधना गरिन्छ । वर्षभरिकै सबभन्दा कालो रात्रि भए पनि यस दिन घरआँगन लिपपोत गरेर सफासुग्घर बनाई दीपमालिकाद्वारा आवाहन गरिएकी लक्ष्मीलाई घरघरमा भित्र्याउने गरिन्छ । त्यसैले यस रात्रिलाई सुखरात्रि भनिन्छ । सुखरात्रिको साँझ अप्राप्त धन प्राप्ति र प्राप्तधनको सुरक्षाको कामनासाथ विधिवत् लक्ष्मीको पूजा गरेपछि सुख र ऐश्वर्य प्राप्तिका लागि इन्द्रको र धनप्राप्तिका लागि कुबेरको पूजा गर्ने विधान छ । यस क्रममा गरगहना, नगद, बहुमूल्य गहना आदिको पनि पूजा गरिन्छ । यसै दिन गाईलाई लक्ष्मीको स्वरूप मानेर पूजा गरिने भएकाले यस दिनलाई गाईतिहार पनि भन्ने गरिन्छ ।

तिहारमा बाछोसहित गाईलाई साक्षात् सर्वफलदायिनी लक्ष्मीका रूपमा पूजा गरिन्छ । कार्तिक शुक्ल प्रतिपदा तिथिमा गाई तथा गोरुको क्रीडा वा जात्रा, प्रदर्शनी आदि गराउनुपर्ने शास्त्रवचन छ । यस दिन गोधन अभिवृद्धिको कामनासाथ गोरुलाई अन्नदाता एवं पालनकर्ताका रूपमा, गोकुललाई समृद्धिका रूपमा, गोवर्धन पर्वतलाई घाँस, दाउरा, पानीलगायत प्राकृतिक सम्पदाको भण्डार एवं विपत्तिनाशक आश्रयस्थलका रूपमा र गोवर्धनधारी कृष्ण, बलराम, नन्द, यशोदा, गोपाल आदिलाई गोकुल संवर्धकको रूपमा पूजा गर्नुपर्दछ । द्वापर युगमा भगवान् श्रीकृष्णको सुझावअनुसार गोपालहरूले इन्द्रको सट्टा गोवर्धन पर्वतको पूजा गर्न थालेको र यसो गर्दा रिसाएका इन्द्रले पृथ्वी डुबाउने गरी बर्साएको जलबाट बचाउन कृष्णले गोवर्धन पर्वत धारण गरेको प्रसंग गोवर्धन पूजामा जोडिन आउँछ । नेवार परम्परामा यस दिन आफू (आत्म) लाई ईश्वरीय अंशका रूपमा पूजा गर्ने विधान रहेको छ भने यसै दिन नेपाल संवतको नयाँ वर्ष (न्हुदया भिन्तुना) पनि शुभारम्भ हुन्छ । कार्तिक शुक्ल प्रतिपदा तिथिको राति भगवान् नारायणको भक्ति एवं सान्निध्य प्राप्तिका लागि दानवीर तथा वचनबद्ध बलिराजको पूजा गर्नुपर्दछ ।

भाइटीकाका दिन विशेष रूपले यमराज र यमुनाको पूजा गरिन्छ । यस दिन बहिनी यमुनाको सत्कारले प्रसन्न भई यमपञ्चकभित्र मृत्यु हुनेहरूले यमलोक जानु नपर्ने वरदान पाएको पौराणिक कथन छ । यस दिन यमपरिवार र यमुनाका सेविका तथा अष्टचिरञ्जीवी समेतको पूजा र प्रार्थना गर्दै दिदीबहिनीले दाजुभाइको आरोग्य एवं दीर्घायुष्यको याचना गर्दछन् भने दाजुभाइले दिदीबहिनीको सुखसमृद्धि र दीर्घायुष्यको कामना गर्दछन् । यस दिन अष्टचिरञ्जीवी अर्थात् अश्वत्थामा, बलि, व्यास, हनुमान्, विभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेयको पूजा गर्नाले दीर्घायुष्य प्राप्त हुने विश्वास गरिन्छ । विशेष गरी दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धलाई प्रगाढ एवं आत्मीय बनाइराख्ने पर्वका रूपमा तिहारलाई लिन सकिन्छ । विवाह भएर टाढा गएका चेलीहरू हुन् अथवा परदेसिएका दिदीबहिनी वा दाजुभाइ किन नहुन्, देश, काल, परिस्थितिअनुसार जो जहाँ भए पनि सबैलाई तिहारले हरेक वर्ष एकपटक भेटघाट वा सम्पर्कमा ल्याउँछ । तिहारलाई सांस्कृतिक पर्वका रूपमा समेत लिने गरिन्छ । यस पर्वमा सेल रोटी, अनर्सालगायत मिष्ठान्न तयार पारिन्छ भने दीप र फूलमालाद्वारा घरको विशेष साजसज्जा गरिन्छ । दिदीबहिनीले दाजुभाइका निधारमा लगाउने सप्तरङ्गी टीका र सयपत्री, मखमली फूलको मालाले पनि शान्ति, प्रेम र आरोग्य प्रदान गर्ने विश्वास गरिन्छ ।

तिहारमा विशेष गरी बलिराज र रामका गाथा समेटेर भैलो र देउसी भट्याउने गरिन्छ । घरघरमा देउसीभैलो खेलेर आशिष तथा शुभकामना दिने र उठेको नगदले सामाजिक काम गर्ने सांस्कृतिक परम्पराले मौलिक संस्कृति र लोकभाकाको संवर्धनका साथै लोकमा उत्साह, उमंग र खुसियाली सञ्चार गर्ने गर्दछ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Homily = गम्भीर चेतावनी His speeches tend always to be full of homilies (उसका भाषणहरू सधैं चेतावनीपूर्ण हुने गर्छन्)

Incorporate = मुख्य अंगसंग जोड्नु Comments received through email will be incorporated in the email (इमेलबाट प्राप्त टिप्पणीहरू प्रतिवेदनमा समावेश गरिनेछन् )

Itinerary = भ्रमण योजना Before starting the trip, we have to finalize the itinerary (भ्रमण शुरु गर्नुभन्दा पहिले नै भ्रमण योजना तय गर्नु पर्दछ )

Luminous = चहकिलो Sun is a luminous body (सूर्य एक चहकिलो पिण्ड हो )

Lucrative = आर्थिक रुपबाट फाइदाजनक For finding a lucrative job, you have to train yourself in depth in E-commerce (धेरै तलब भएको काम पाउन तिमीले ई कमर्शमा आफूलाई प्रशिक्षित गर्नु पर्दछ )

Mutilate = अंगभंग गरिदिनु, बिगारिदिनु Napoleonic invasion mutilated the map of Europe (नेपोलियनको विजयले पुरै युरोपको राजनैतिक नक्सालाई बिगारिदिएको थियो )

Noncommittal = अप्रतिबध्द, गैरजिम्मेवार His noncommittal reply annoyed all of us (उसको गैरजिम्मेवार जवाफले हामी सबैलाई झोक चलाइदियो )

Nonchalance = बेमतलव, थाहा पाएको नपाएझैं गरिबस्ने She always tries to defeat her rivals with apparent nonchalance (तिनी सधैं आफ्ना विरोधीहरूलाई विना प्रतिकृया हराउने कोसिस गर्दछिन्)

Outlandish = अनौठो नौलो He prefers always outlandish clothes (ऊ सधैं नौलो किसिमको लुगा मनपराउँछ)

Precarious = खतरापूर्ण Since the stock was overpriced, it would be precarious to purchase it (शेयरको मूल्य बढ्दै गएको अवस्था त्यो किन्नु खतरापूर्ण हुन्छ )

# सामान्य ज्ञान (प्रश्नोत्तर)

प्रत्येक व्यक्ति प्रेममा अन्धो हुन्छ कसको भनाइ हो ?
● प्राकर्टियस

विवाहको सानो औंठीको घेराभित्र कति फसाद लुकेको हुन्छ कसको भनाइ हो ?
● कोलोगिट्स

चीनको ग्रेटवालको पूर्णरुपमा तयारी कहिले भयो ?
● २२९ साल

विश्वप्रसिद्ध अंग्रेजी कवि शेक्सपियरको मृत्यु कहिले भयो ?
● १६१६ इ.सं.

ग्रीस स्वतन्त्र कहिले भयो ?
● १८२७ इ.सं.

इटालीको एकीकरण कहिले भयो ?
● २ जुन १८७१

जीवनका नियमहरुसम्बन्धी अध्ययन गरिने शास्त्रलाई के भनिन्छ ?
● बाइयोनोमी

प्रकृति र उत्पत्तिसम्बन्धी जानकारी दिने विज्ञानलाई के भनिन्छ ?
● कोस्मोलोजी

लुगा धुने सोडा के के मिलेर बन्छ ?
● सोडियम, कार्बन, अक्सिजन

कपडामा विश्वास नगर, संसार छर्लंग छ, कसको भनाइ हो ?
● शुकरात

नेपालमा बीमा संस्थानको उद्घाटन कहिले र कसबाट भयो ?
● २०२४ फागुन ११ श्री ५ महेन्द्र

नेपालका सबै नदीहरू उत्तरबाट दक्षिणतिर बगेका छन् तर एउटा दक्षिणबाट उत्तरतर्फ बगेको छ त्यसको नाम के हो ?
■ कर्मनाशा नदी

बिरूवाको माटोबाट सोसेको पानी पातसम्म पुऱ्याउने नलीलाई के भनिन्छ ?
■ डाइनीय

पशुपतिनाथ मन्दिरमा भएको ठूलो बसाहा स्थापना गर्ने व्यक्ति को हुन् ?
■ जनरल जगतजंग

अन्तरिक्षमा पैदल यात्रा गर्ने प्रथम महिला को हुन् र कुन देशका हुन् ?
■ स्वेलाना सावित्सकाया, रूस

विश्वको प्रथम महिला अन्तरिक्ष यात्री को हुन् र कुन देशको हुन् ?
■ भेलेनतिना टेरेस्कोभा, युएसएसआर

भगवान श्रीकृष्णले लगाउने पाँचथरी फूलको मालालाई के भनिन्छ ?
■ वैजयन्ती माला

# Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take something out against somebody = विरुद्ध जारी गर्नु The police took out a summons against all involved in the accident, दुर्घटनामा संलग्न सबै पक्षलाई हाजिर हुन प्रहरीले आदेश जारी गऱ्यो ।

Take something it out on somebody = कसैप्रति अमर्यादित व्यवहार गर्नु I know you quarral very much with your husband but there is no need to take it out on me मलाई थाहा छ, तिमी तिम्रो श्रीमानसँग सधैं झगडा गर्छौ भन्ने कुरा त्यसो हुँदै मप्रति त्यस्तै अमर्यादित व्यवहार गर्नुपर्छ भन्ने आवश्यकता छैन ।

Take somebody out of himself = कसैलाई चिन्ताबाट मुक्त गर्नु Playing guitar helps me take myself out of tension गिटार बजाउनुले म आफैंलाई तनावबाट मुक्त गर्न मद्दत गर्दछ ।

Take something over = सत्ता लिनु If political instability continues in such a way, military might take over the power यही किसिमबाट राजनीतिक अस्थायित्व निरन्तर रहने हो भने सेनाले सत्ता लिन बेर लाग्दैन ।

Take something over from = जिम्मा लिनु The new boss took over all the responsibilities from the outgoing one नयाँ हाकिमले पुरानो हाकिमबाट सबै जिम्मेवारी लियो ।

Take to = आश्रय लिनु Whenever he feels alone he takes to the forest जब जब ऊ एक्लोपन महसुस गर्छ वनतर्फ लाग्छ ।

Take to somebody = कसैलाई मनपराउन थाल्नु Already after first meeting I took to her very much पहिलो भेटपछि नै मैले उनलाई निकै मनपराउन थाले ।

Take to something = बानी बसाल्नु Never take to smoking! धुम्रपान गर्ने बानी कहिल्यै नबसाल्नु ।

Take up = निरन्तरता दिनु Enemies took many soldiers out बैरीहरुले धेरै सैनिक मारे ।

Take something out = ध्वस्त पार्नु Missiles took two passenger planes out छेप्यास्त्रले दुई यात्रुवाहक हवाईजहाज ध्वस्त गऱ्यो ।

Take something out = काटेर निकाल्नु She joined the hospital to take her appendix out आपेनडिक्स काटेर निकाल्न भनी उनी हस्पिटल भर्ना भइन ।

Take something out = बाहिर निकाल्नु Take your hands out of your pocket खल्तीबाट हात बाहिर निकाल ।

## सुडोकु-अंक १२४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | | | | |
| ५ | | | २ | | ६ | | | १ |
| | २ | ४ | | | | ६ | ३ | |
| | | ३ | | | | ८ | | |
| | ५ | ६ | | ९ | | ७ | १ | |
| | | २ | | | | ९ | | |
| | ६ | ७ | | | | ५ | ४ | |
| २ | | | ८ | | ९ | | | ६ |
| | | | | ७ | | | | |

## अंक १२३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ९ | ३ | ७ | ४ | २ | ८ | १ |
| १ | ३ | ४ | ६ | २ | ८ | ५ | ९ | ७ |
| ८ | २ | ७ | ५ | १ | ९ | ३ | ६ | ४ |
| ६ | १ | ८ | ९ | ४ | ५ | ७ | ३ | २ |
| ३ | ७ | ५ | २ | ६ | १ | ८ | ४ | ९ |
| ४ | ९ | २ | ७ | ८ | ३ | १ | ५ | ६ |
| ७ | ८ | १ | ४ | ३ | ६ | ९ | २ | ५ |
| २ | ५ | ६ | ८ | ९ | ७ | ४ | १ | ३ |
| ९ | ४ | ३ | १ | ५ | २ | ६ | ७ | ८ |

# बाल विकास समाजका विविध गतिविधि













## काभ्रे : गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि सहयोग

ग्राण्डी होल्डिङ्गस प्रा.लि को आयोजना, बाल विकास समाजको अनुगमन र प्राविधिक सहयोगका साथै पाँचखाल नगरपालिका, वडा कार्यालयसँग समन्वय गरी ६ वटा सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तरमा सुधार गर्ने र विद्यालयको आन्तरिक व्यवस्थापनमा पनि समय अनुसार सुधार गर्ने उद्देश्यले कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सफ्टवेयर र हार्डवेयरको पाटोमा सहयोग गर्नुका साथै प्रत्येक विद्यालयमा एक एक जना अग्रेजी शिक्षक भर्ना गराई तलबको व्यवस्था पनि गरिएको छ । यो कार्यक्रम जुलाई २०१८ बाट सेप्टेम्बर शुरु भएको हो ।

पाँचखाल नगरपालिकाबाट कार्यक्रम संचालनको लागि सम्झौता भइसकेको छ । यो पहिलो त्रैमासिकको खर्चको विवरण, विल, भरपाई र प्रगति प्रतिवेदन पनि ग्राण्डी होल्डिङ्गस प्रालिलाई बुझाउने कार्य पनि सम्पन्न गरियो । समुदायमा रहेका विद्यालयहरुको शैक्षिक गुणस्तमा सुधार गर्नको लागि र विद्यालयको प्रशासनको प्रणालीहरुमा परिवर्तन गर्ने र पहिला भन्दा राम्रो बनाउने हो । कार्यक्रम अन्र्तगत ६ वटा विद्यालयहरुमा रङ्ग लगाउने , भवन मर्मत , कापी किताव खरीद, बाल क्लबको कार्यक्रम, खेलकुद कार्यक्रमका साथै खेलकुद सामग्री खरीद, विद्यालय आवश्यक शैक्षिक सामग्री खरीद, विद्यालयको घेराबार , फर्निचर मर्मत तथा नयाँ खरीद, हवाइट बोर्ड खरिद, कार्पेट खरिद, विभिन्न प्रकारका किताव खरिद, ल्यावका सामग्री खरिद गरियो । कार्यक्रमले कम शिक्षक भएका विद्यालयहरुलाई मलमको काम गरेको छ । आर्थिक अभावका कारणले विद्यालय मर्मत नभएका विद्यालयहरुमा सहयोग भएको छ । कम्प्युटर शिक्षालाई अगाडी बडाउन कम्प्युटर मर्मत पनि गरियो । साथै कक्षा १० का विद्यार्थीहहरुलाई अभ्यास गर्न चाहिने आवश्यक ल्यावको सामान खरीद गरी विद्यार्थीहरुलाई सिक्ने बानीको विकास गर्न थप मद्दत मिलेको छ । कार्यक्रम पाँचखाल नगरपालिकाका ज्ञानेश्वरी माद्यामिक विद्यालय, श्री बाल प्रतिभा आधारभूत विद्यालय, श्री भक्रमदेवी माद्यामिक विद्यालय, समाज कल्याण प्राथमिक विद्यालय, श्री सृजना प्राथमिक विद्यालय, दुग्धेश्वर माद्यामिक विद्यालयमा यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

यो कार्यक्रमको सम्पुर्ण अनुगमन र प्राविधिक सहयोगका कार्यहरु बाल विकास समाजले गर्ने र बेला बेलामा विद्यालयमा गएर अनुगमान गरी प्रगति प्रतिवेदन पेश गर्नेछ । बाल विकास समाजले विद्यालयहरुसँग समन्वय र सहकार्य गर्दै विद्यालयहरुलाई आवश्यक सल्लाह सुझाव पनि दिने काम गर्दछ । यो कार्यकमको अनुगमनको पाटोमा विषेश गरि काभ्रे जिल्लाका बाल विकास समाजका कार्यकम सुपरिवेक्षक दिपेन्द्र पराजुलीले गर्दै आइरहनुभएको छ । बेला बेलमा बाल विकास समाजका कार्यकम व्यवस्थापक प्रदिप कुमार श्रेष्ठ पनि अनुमगनको लागि जानु भएको थियो । कार्यक्रमको नगरप्रमुख , उपमेयर देखि वडाका अध्यक्षका साथै विद्यालयका व्यवस्थापन समितीका सदस्यहरु पनि धेरै खुशी भई कार्यक्रम संचालन गर्नको लागि अनुमति प्राप्त भएको र बाल विकास समाज र ग्राण्डी होल्डिङ्गस प्रा.लि लाई धेरै धेरै धन्यबाद दिनुभयो । यस्ता खालका कार्यक्रम काभ्रे जिल्लाको पाचँखाल नगरपालिकामा रहेका ४० वटा विद्यालयहरुमा संचालन गर्न सके अझै राम्रो हुने थियो ।

## दन्त सरसफाइबारे अभिभावक छलफल

बाल विकास समाजद्धारा सञ्चालित दिवा शिशु स्याहार केन्द्र कार्यक्रमका बालबालिकाका अभिभावकहरुसँग एक छलफल कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा अभिभावकहरुलाई विशेष गरी दाँतको सरसफाइको बारेमा छलफल गराएको थियो । स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठले दन्त सरसफाइको बारेमा विस्तृत रुपमा बताउनु भएको थियो । दाँतको सरसरफाइमा हेल्चेक्रयाइ गर्दा पछि दाँतमा ठूलो समस्या निम्तीने कुराको बारेमा उहाँले अभिभावकहरुलाई सजग गराउनु भएको थियो । दाँतको समस्या सामान्य लागे पनि पछि यसले ठूलो असर गर्ने कुराको जानकारी गराइएको थियो । दाँतमा लाग्ने किराको बारेमा पनि छलफल गराइएको थियो । त्यसैगरी बालबालिकाको दाँतको हेरचाहको लागि अभिभावकले विशेष ध्यान दिने कुरामा सहभागीहरुलाई छलफल गराइएको थियो । बालबालिकाहरुलाई जङ फुड ( कुरकुरे, दालमोट, आदि ) खानेकुरामा बानी पारियो भने यसले उनीहरुमा पछि असर गर्ने र विशेषगरी गुलियो वस्तु जस्तै चकलेट, मिठाइ जस्ता खानेकुरा नियमित रुपमा बालबालिकाहरुलाई खाने बानी परेपछि यसले उनीहरुको दाँतमा किरा लाग्ने र बेलैमा दाँत झर्ने, गिँजामा यसले असर गर्ने कुरामा पनि अभिभावकहरुलाई सजग गराइएको थियो । अभिभावकको सानो गल्तीले बालबालिकामा पछि ठूलो असर गर्ने जुन कुरा अभिभावकले पहिला नै महसुश नगरेको अवस्थामा समस्या निम्तिने गर्छ । यस कुराप्रति सबै अभिभावक सजग हुनुपर्ने देखिन्छ ।

## दिवा खाजा अभियानमा सहयोग

सहरी विकास मन्त्रालयका पूर्व सचिव तथा यस बाल विकास समाजका सल्लाहकार इन्जिनियर किशोर थापाकी ममतामयी आमा समाजसेवी अम्मी थापाले आफ्नो स्वर्गीय कान्छो छोराको सम्झनामा संस्थाद्धारा सञ्चालित दिवा शिशु स्याहार केन्द्र कार्यक्रमका बालबालिकाहरुलाई दिवा खाजा अभियानमा आर्थिक सहयोग उपलब्ध गराउनु भएको हो । उहाँ आफै सहभागी भएर बालबालिकाहरुलाई विभिन्न खानेकुराका परिकारहरु दिनु भएको थियो । बालबालिकाहरुलाई कम्तीमा एक दिन भएपनि आफ्नै हातले खानेकुरा दिने र उनीहरुसँग रमाउन पाउँदा छुटटै



अनुभूति हुने कुरा बताउनु हुन्छ समाजसेवी थापा । समाजसेवामा पहिलादेखि नै चासो राख्ने हुनाले समाजसेवा गर्न मनपर्ने कुरा बताउन भयो । समाज परिर्वतनका लागि सानो कामबाट सुरुवात गर्दा पनि फरक नपर्ने तर उक्त परिवर्तन सर्वसाधारण जनताले अनुभूत गर्ने किसिमको हुनुपर्ने तर्क गर्नु हुन्छ उहाँ । मजदुरका बालबालिकाहरुसित सँगै बसेर रमाउदा आफूलाई आत्मसन्तुष्टी मिल्ने उहाँको भनाइ रहेको छ । यसरी नै सबैको मनमा यस प्रकारको सहयोगी भावनाको विकास हुने हो भने कोही पनि बालबालिकाहरुले भोकै मर्नु नपर्ने र उनीहरुको शिक्षामा समेत थप टेवा पुग्ने विचार समाजसेवी थापाको रहेको छ । यस कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता पनि व्यक्त गर्नु भएको थियो ।

**संवाददाता : गोविन्द वि क**

बाँकी ८ पेजमा



## जनमत...

देशले एकअर्काका आन्तरिक मामिलामा अहस्तक्षेपको नीति अवलम्बन गरेका छन् । राजदूत जावेदले जम्मु-काश्मिर समस्या समाधान संयुक्त राष्ट्र संघको प्रस्तावअनुसार जनमतसंग्रहका माध्यमबाट हुनुपर्ने दोहोऱ्याए ।

## नेकपाका...

विकासमा द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरुको प्रयोग हो र यो एक मार्क्सवादी समाजशास्त्र पनि हो । मार्क्सवाद एउटा अर्थशास्त्र र आर्थिक सिद्धान्त हो । यस सिद्धान्तको आधारशीला अतिरिक्त मूल्यको सिद्धान्त हो । मार्क्सवाद समाजवादसम्बन्धी एउटा सिद्धान्त हो जसलाई वैज्ञानिक समाजवाद भनिन्छ । मार्क्सवाद एक राजनीतिक सिद्धान्त हो जसको मुख्य तत्व हो वर्गसंघर्षको सिद्धान्त । दर्शन, अर्थशास्त्र र समाजवाद मार्क्सवादका तीन प्रमुख घटक हुन् । यसका अभिन्न अंग हुन् । १९ औं शताब्दीको पाँचौं दशकमा प्रतिपादित यस सिद्धान्तले अहिलेसम्म अनेकौं चरण पार गरिसकेको छ । मार्क्सवादलाई सर्वप्रथम व्यवहारमा उतार्ने व्यक्ति लेनिन हुन् । यस अर्थमा लेनिनलाई विश्वकै पहिलो कम्युनिस्ट भन्न सकिन्छ । मार्क्सवादको सफल प्रयोग गरेकै कारण लेनिनवादको जन्म भएको हो । लेनिनपछि माओ, होचिमिन्ह, फिडेल क्यास्त्रो, ह्युगो चाभेज लगायत धेरैले देशीय विशेषता अनुरुप मार्क्सवादलाई कार्यान्वयन तहमा ल्याए ।

नेपालको संविधानको प्रस्तावनामा नेपाललाई समृद्ध राष्ट्र बनाउन समाजवादप्रति प्रतिबद्ध रहने भनिएको छ । संविधानको धारा ४ मा नेपाल राज्यको परिभाषा गर्दा समाजवाद उन्मुख राज्य भनिएको छ । कार्लमार्क्सले प्रतिपादन गरेको समाजवादको समकालीन भाष्य, वर्गीय, जातीय र लैंगिक भेदभावबाट मुक्त समाजको स्थापना हो । यस्तो अवस्थामा मानव सशक्तीकरण अवस्था उच्चतर हुन्छ । संविधानले परिकल्पना गरेको समाजवाद पनि त्यही हो र सरकारको नेतृत्व गरिरहेको नेकपाको अभिष्टता पनि त्यही हुनुपर्छ । विकास सम्पूर्ण जनताको साझा प्रयासले मात्र सम्भव हुन्छ । नेकपाको सरकारले देशका सबै जनतालाई सहभागी गराउने र सबैका लागि अवसर सिर्जना गर्ने नीति नबनाउनुले समाजवादको पांग्रा गुड्ने अवस्था नै छैन । नेकपा पार्टी त भद्रगोल छ नै सरकारमा रहेर पनि समाजवादको स्टेरिङ समेत समाउन असफल देखिएको छ । कम्युनिस्टहरु आवधिक निर्वाचनमार्फत सरकारमा पुगे पनि उनीहरुले केही गर्न नसकेको उदाहरण खोज्न टाढा जानै पर्दैन । पश्चिम बंगालमा कम्युनिस्टहरुले ३२ वर्ष राज्य सरकार चलाए । २५ वर्षसम्म त्रिपुरामा कम्युनिस्ट राज्य सरकार चल्यो । केरलामा कम्युनिस्ट राज्य सरकार बन्यो । तर यी कम्युनिस्ट राज्य सरकारहरु मार्क्सवादलाई व्यवहारमा उतार्न असफल भए र समाजवादको लक्ष्य मृगमरिचिकामा परिणत भयो । कम्युनिस्ट राज्य सरकारहरु अन्ततः पतन भए । जनमतद्वारा कम्युनिस्टहरु सत्तामा पुगे पनि उनीहरुले चाहेको समाजवादी शासन लागू गर्न सकेका छैनन् । नेपालमा त नेकपाले पुँजीवादभित्र समाजवादको उल्टो यात्रा पो गर्दैछ ।

तत्कालीन एमालेले जनताको 'बहुदलीय जनवाद' र माओवादी केन्द्रले 'एक्काइसौं शताब्दीको जनवाद' लाई आआफ्नो मौलिक सिद्धान्तका रुपमा अंगिकार गरेका थिए । दुई पार्टी एकताका क्रममा यी दुवै सिद्धान्त र माओवादी केन्द्रले मान्दै आएको माओवादलाई महाधिवेशनसम्मका लागि स्थगित गरिएको छ । अहिलेलाई 'जनताको जनवादलाई पार्टीको कार्यक्रमको रुपमा अघि सारिएको छ । तर जनताको जनवादबारेमा नेकपाले कार्यकर्ताहरुको चित्त बुझ्ने गरी व्याख्या गर्न सकेको छैन । वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वको कार्यदलले एकताका बेला मस्यौदा गरेको राजनीतिक दस्तावेज अहिलेसम्म अलपत्र अवस्थामा छ ।

दुवै अध्यक्षले अन्तिम सम्पादन गरेर प्रकाशन गर्ने निर्णय भए पनि सो राजनीतिक दस्तावेज मस्यौदा तयार भएको ६ महिना बित्दा पनि त्यो अध्यक्षहरुको प्राथमिकतामा परेको छैन । पार्टीको विदेश नीति, सामाजिक आर्थिक नीति अन्य कार्यदिशा बारेमा नेकपा गोलमटोल अवस्थामा छ । नेकपाको विधानमा दुई वर्षभित्र एकताको राष्ट्रिय अधिवेशन गर्ने भनिएको छ । तर महाधिवेशन नहुँदासम्म पार्टीलाई दिशानिर्देश गर्ने राजनीतिक दस्तावेज नै तयार नहुनुले दुई वर्षभित्र महाधिवेशन नहुने पक्का जस्तै छ । महाधिवेशन नहुँदासम्मको संक्रमणकालीन अवस्थामा पार्टीको विधिविधान निर्णयको अधिकार दुई जना अध्यक्षमा सीमित भएको छ । पार्टी पंक्तिको अवस्थाका बारेमा योभन्दा ठूलो राजनीतिक लापर्बाही अरु के हुन सक्छ ? कम्युनिस्ट पार्टीमा एकल नेतृत्व हुन्छ या सामूहिक । तर नेकपामा यी दुवै अभ्यास अवलम्बन गरिएको छैन । निर्णय प्रक्रियामा सामूहिक अभ्यासका लागि भन्दै स्थायी समिति र केन्द्रीय सचिवालय जस्ता संरचना खडा गरिए पनि यावत निर्णयहरु अध्यक्षद्वय ओली र प्रचण्डकै तजबिजमा भइरहेका छन् । पार्टीको सिद्धान्त, संगठन र नेतृत्वमा देखा परेको अहिलेको अन्यौलको अन्त्य महाधिवेशनले गर्ने हो । तर महाधिवेशन दुई वर्षमा हुने कुनै छाँटकाँट छैन ।

निर्णय व्यक्तिगत रुपमा गर्ने र त्यसको प्रतिरक्षा सामूहिक रुपमा गर्नुपर्ने धारणा आपसमा मेल खाँदैन । दुईतिहाई बहुमतको सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी ओली पार्टीले आफूलाई सहयोग नगरेको गुनासो गर्दै कार्यकर्ताहरुलाई कहिले अरिंगालझैं खनिन त कहिले मौरीझैँ मेहनती बन्न सुझाउने गर्नुले नेकपाको मनोदशा प्रतिविम्बित गर्छ । सरकारप्रतिको बढ्दो असन्तुष्टिले नेकपाप्रतिको जनविश्वास डगमगाउँदै गएको गवाही दिन्छ । भारतीय मिडियामा प्रचण्डले ओलीसँगको 'वान टु वान' सहमति दुई वर्षपछि आफू प्रधानमन्त्री बन्ने जुन सार्वजनिक गरे, त्यसले दुई पार्टीको एकता शीर्ष नेतृत्वको स्वार्थका लागि मात्र भएको रहेछ भन्ने आम कार्यकर्ताहरुको बुझाइ छ र त्यसले चुनावताकाको उत्साह निराशामा परिणत गरिदिएको छ । नेकपाका कार्यकर्ता र नेताहरु वैकल्पिक राजनीतिक शक्तिको खोजीमा छन् अहिले ।

## मालेले...

उहाँद्वारा सिर्जित लेख, रचना पुस्तकबाट पछिल्लो पुस्ताले ज्ञान हासिल गर्न र उहाँका राम्रा विचारलाई ग्रहण गरेर अगाडि बढ्न सान्दर्भिक रहेको बताउनुभयो । पछिल्लो कालखण्डमा नेकपा (माले) सँग जोडिनुभएका कमरेड शम्भुरामलाई मालेले निरन्तर स्मरण गर्नेछ भन्दै मैनालीले परिवारका सदस्यहरुलाई समेत उहाँका विचार प्रचारप्रसार गर्न र प्रतिष्ठान खोलेर संरक्षण गर्ने कार्यमा योगदान पुऱ्याउन आग्रह गर्नुभयो ।

नेकपा मालेका स्थायी कमिटी सदस्य कुमार वेलवासेले शम्भुराम श्रेष्ठको राजनीतिक परिचय दिँदै उहाँका योगदानको चर्चा गर्नुभएको थियो । शम्भुरामकी छोरी मधु श्रेष्ठ क्षेत्रीले शम्भुरामको जीवनी संक्षिप्त रुपमा प्रस्तुत गर्दै मालेले जन्मजयन्ती मनाइदिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा कृष्ण ध्वजु, गोर्की श्रेष्ठ साथै शम्भुरामको पुस्तक 'मेरो राजनीतिक जीवनका संस्मरणहरु' प्रकाशन कार्यमा योगदान पुऱ्याउने हरिप्रसाद श्रेष्ठले शम्भुरामप्रति शब्द श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको योगदानको चर्चा गर्नुभयो ।

कार्यक्रममा श्रेष्ठका परिवारका सदस्यहरु छोरा प्रताप श्रेष्ठ बुहारी रेहना श्रेष्ठ लगायत छोरी ज्वाइँहरु समेत अतिथिको रुपमा उपस्थित रहनुभएको थियो । नेकपा मालेका पोलिटब्युरो सदस्यहरु निलम केसी, जनक चालिसे, सुरेन्द्र ढकाल, कुमार श्रेष्ठ साथै केन्द्रीय सदस्यहरुले कार्यक्रममा आतिथ्यता ग्रहण गर्नुभएको थियो । पोलिटब्युरो सदस्य कृष्ण रानाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रमको सञ्चालन केन्द्रीय सदस्य तेजेन्द्र प्रसाईंले गर्नुभएको थियो । पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला कमिटी सचिव सिद्धि महर्जनले कार्यक्रमको सभापतित्व गर्दै समापन मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

## राष्ट्रपतिको...

अत्याधुनिक हतियार खरिद गरेर आफ्नो छुट्टै विदेश नीति अख्तियार गरेकोमा अन्य छिमेकी राष्ट्रहरु चिढिएका छन् । खरिद गरिएका त्यस्ता स्वचालित अमेरिकी हतियारहरु आईएस लडाकुहरुको हातमा पुगेकोमा त्यसको जिम्मेवार पनि छिमेकी मुलुकहरुले कतारलाई नै ठानेका छन् । कतार खाडी मुलुकहरुमध्ये सबभन्दा बढी विवादित राष्ट्र मानिन्छ । यस्तो राष्ट्रको राष्ट्रपतिबाट भ्रमण हुनुले अन्य खाडी राष्ट्रहरुमा खुल्दुली मच्चिएको कूटनीतिक क्षेत्रको बुझाइ छ । कतार नेपाली कामदारहरु सबभन्दा बढी कार्यरत रहेको दोस्रो खाडी राष्ट्र हो । कतारमा चार लाख बढी नेपाली कामदारहरु रहेको तथ्यांक छ । सबभन्दा बढी नेपाली कामदारहरु रहेको खाडी मुलुक भने साउदी अरब हो । सन् २०२२ को फिफा वर्ल्डकपको आयोजक राष्ट्र हो कतार । कतारले फुटबल खेलका लागि द्रुत गतिमा स्टेडियमहरुको निर्माण गरिरहेको छ । स्टेडियम निर्माणकै लागि दैनिक रुपमा कतारले नेपाली कामदारहरु लगिरहेको छ । स्टेडियम निर्माणका क्रममा हरेक दिन नेपाली कामदारको ज्यान जाने गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सायदै कुनै दिन त्यस्तो होला नेपाली कामदार एकदेखि तीन जनासम्म कफिनमा नेपाल नफर्किएका ।

राष्ट्रपति भण्डारीले कतार भ्रमणका क्रममा नेपालको तर्फबाट कतारका उद्योगी व्यापारीहरुलाई सम्बोधन गर्दै नेपालमा लगानी गर्न आह्वान गरिन् । राष्ट्रपतिको भ्रमणका क्रममा कतारसँग कूटनीतिक तथा विशेष राहदानी बाहकलाई अनअराघइभल प्रवेशाज्ञा (भिसा) दिने तथा कृषि र खाद्य सुरक्षा सहकार्यसम्बन्धी दुई समझदारी पत्रमा हस्ताक्षर भएको छ । नेपालको आर्थिक समृद्धिमा यसले खासै महत्व राख्दैन । कतारसँग कृषि र खाद्य सुरक्षा सहकार्य समझदारीपत्रमै सीमित हुने निश्चित छ ।

अर्को महत्वपूर्ण पक्ष छ राष्ट्रपति भण्डारीलाई कतारका अमरि शेख तमिम बिन हमाद अलथानीले के उपहार दिए ? आमिरी दिवानमा दुवैको भेटवार्तालाई टिभी स्क्रिनमा हेर्दा आमिरशेख अत्यन्त प्रसन्न मुद्रामा देखिन्छन् । जुनसुकै देशका राष्ट्राध्यक्ष वा सरकार प्रमुखले कतार भ्रमण गर्दा बहुमूल्य उपहार दिने कतारी प्रचलन छ । राष्ट्रपति भण्डारीले पाएको उपहार उनको निजी होइन । विद्यादेवी भण्डारीलाई कतारले उपहार दिएको होइन । नेपालको राष्ट्राध्यक्षको कतारले सम्मान गरेको हो । अमिरले दिएको बहुमूल्य त्यस्तो उपहार शीतलनिवासभित्रै रहनुपर्छ । भारतका राष्ट्रपति अब्दुल जे कालमले आफू राष्ट्रपति हुँदा पाएका तमाम स्वदेशी तथा विदेशी उपहारहरु राष्ट्रपतिको कार्यालयमै छाडेर आफूले अध्ययन गर्ने पुस्तकहरु मत्र सुटकेसमा हालेर राष्ट्रपति भवन छोडेका थिए । राष्ट्रपति भण्डारीले पनि आफ्नो कार्यकाल सकिएपछि आफू राष्ट्रपति हुँदा पाएका स्वदेशी तथा विदेशी मान सम्मान र उपहार शीतलनिवासमै छोडेर कलामको आदर्शताको अनुशरण गर्ने छिन् वा छैनन् त्यो हेर्न बाँकी नै छ ।

## नि:शुल्क...

गर्दै आएको छ । 'एक कप चिया दान अभियान' संस्था युवा नेत्र सेवा काठमाडौँले आउँदो कात्तिक ८ देखि श्रीकीर्ति नगरमण्डप विहारमा निशुल्क आँखा शिविर आयोजना गरेको हो । दैनिक एक कप चियाको मूल्य बराबर अर्थात दैनिक १५ रुपैयाको दरमा वर्षभरीको चियाको पैसा ९५ हजार ४७५ रुपैयाँ दान आफ्ना सदस्यहरुबाट संकलन गरेर बनेको संस्था निम्नवर्गका विरामीहरुको नि:शुल्क आँखाको उपचारमा सहयोगको कार्यक्रम गर्दै आएको छ । सस्थाका अध्यक्ष एवम् वरिष्ठ नेत्र विशेषज्ञ सिद्धार्थ रंजितले तीनदिने सो शिविरमा नि:शुल्क आँखा जाँचको साथै उपचार र नि:शुल्क शल्यक्रिया समेत गरिने छ । शिविरमा कम्तिमा ५० जनाको नि:शुल्क मोतियाविन्दुको शल्यक्रिया गरिने पनि अध्यक्ष रंजितले बताउनुभयो ।

संस्थाले काठमाडौ उपत्यकाका साथै देशका दुर्गम स्थानका विभिन्न ठाउँमा नि:शुल्क आँखा जाँच तथा आँखा शिविर सञ्चालन गर्नका लागि ५०० दाताहरुबाट संकलित 'एक कप चिया दान अभियान' अन्तर्गत युवा नेत्र सेवाले सञ्चालन गर्दै आएको छ । संस्थाबाट वि.सं. २०५२ देखि काठमाडौँ उपत्यका लगायत अधिराज्यका विभिन्न दुर्गम ग्रामीण जिल्लामा गई ५३,००० जनाको नेत्र परीक्षण तथा १२,००० जनाको निशुल्क मोतिविन्दु तथा अन्य नेत्र शल्यक्रिया गरी नयाँ दृष्टि प्रधान गरेको छ ।

## ईश्वरले...

कृष्णजंग रायमाझी जस्ता या सुशीला कार्की जस्ता पनि प्रधानन्यायाधीश छैनन् । आशा अपेक्षा गरिएका अनुपराज शर्मा, मीनबहादुर रायमाझीबाट पनि न्यायाधीशले न्याय पाएका थिएनन, उनले पनि रिटबाट सात वर्षपछि न्याय पाएका थिए ।

क्रमशः

तेस्रो धार

# तिहारको धार्मिक, सामाजिक र पौराणिक महत्व

**- प्रा.डा. डिल्ली ओली**



चान्द्रमास पद्धतिअनुसार कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मको समय तिहार हो । यसलाई यमपञ्चक पनि भनिन्छ । अर्थात् यमराज र पाँच दिनका विभिन्न पूजा यो समयसँग जोडिएका छन् । रमाइलो गर्ने, जुवा आदि खेल्ने परम्पराअनुसार यमपञ्चक पछि गएर जुवाखेल बोधक पनि हुन गयो । भारतमा यसलाई दिवाली, दीपावली भनिन्छ । तिहार अवधिभर बत्तीको झिलिमिली हुने भएकोले दीपावली भनिएको हो । यो पर्व पौराणिक बलिराजाको कथासँग पनि सम्बन्धित छ । कथाको सारांशअनुसार बलि दानवीर थिए । यो बुझेरै विष्णुले विक्रान्त रुप धारण गरेर बलिसँग तीन पाउ जमिन मागेका थिए । सोहीअनुसार बलिले आफ्नो वाचा अनुसारको जमिन दिने संकल्प गरे । शुक्राचार्यले यो विष्णुको छल भएकोले दिन हुँदैन भनी अडान लिन थाले । तर बलि आफ्नो बचन पालन गर्न संकल्पित थिए । शुक्राचार्यले बाचा तोड्नका लागि संकल्प गर्नुपर्ने सल्लाह दिए । संकल्प वाक्य पूरा गर्न पानी आवश्यक पर्ने भएकोले कमण्डलुबाट पानी आउन नदिन कमण्डलुको टुटीमा स्वयम शुक्राचार्य बसे । कमण्डलुबाट पानी नआएकोले कुशले टुटी खोल्दा शुक्राचार्यको आँखा फुट्यो र कमण्डलुबाट पानी झऱ्यो । बाचा अनुसार बलिराजाले विष्णुलाई तीन पाउ जमिन दिए । विष्णुका दुई पाउले आकाश र जमिन ढाक्यो । अर्को पाउ कहाँ राख्नेभन्दा बलिले अर्को पाउ राख्नको लागि आफ्नै शिर दिए । विष्णुको पाउ बलिको शिरमा परेपछि पाताल भासिए । बलि पाताल भासिए पनि उनी वर्षमा पाँच दिन पृथ्वीमा आउन पाउने सुविधा उनलाई प्राप्त भयो । त्यसैअनुसार माथि उल्लिखित तिथिमा बलि पृथ्वीमा आउन थालेको र यस उपलक्ष्यमा उत्सव मनाउन थालेको पौराणिक मान्यता छ । यो समयमा बलिको स्वागत सम्मानका लागि पृथ्वीका विभिन्न ठाउँमा भैली, द्यौसी खेल्ने, जुवा फुकाउने, झिलिमिली पार्ने, बत्ती बाल्ने, रमाइलो, भेटघाट गर्ने फूल महोत्सव जस्तै वातावरण बनाउने गर्न थालियो । बलिले पातालमा जस्तो ऐश्वर्य भोग्दथे । पृथ्वीमा पनि सर्वत्र त्यस्तो देखाउन पनि तिहार परम्पराको थालनी भएको मान्यता छ ।

तिहार कृष्ण र शुक्ल पक्ष अर्थात् नेगेटिभ र पोजिटिभ तत्व एकाकार भएको पर्व हो । तिहारमा कृष्ण पक्ष र शुक्लपक्ष दुवै हुन्छ । नेगेटिभ र पोजिटिभ तत्वको फ्युजनबाट जीव, जगत र ब्रह्माण्डको सृष्टि हुन्छ, सन्तुलन हुन्छ । तिहार पर्वको पौराणिक आयाम यमराज (मृत्युका देवता) सँग पनि जोडिएको छ । यो एकातिर मृत्यु र अर्कोतिर दीर्घायु र सुस्वास्थ्यसँग जोडिएको पर्व हो । तिहार यमराज र उनकी बहिनी यमुनासँग पनि जोडिएको छ । यमराज र यमुनाका प्रतीक नै तिहारमा दाजुभाइ दिदीबहिनी हुन् । दाजुभाइ पूजासँग जोडिएका सामग्री- मखमली माला, दुवोको माला, तील, ओखर, तेलको घेरा, अपामार्ग आदि पोजिटिभ र यमराज नेगेटिभ पक्षका प्रतीक हुन् । यिनको मनोवैज्ञानिक धार्मिक, सांस्कृतिक र शारीरिक सन्दर्भ पनि छँदैछ ।

नेपालमा तिहारलाई कतै कतै खस संस्कृतिको द्योतक पनि भनिन्छ । कसैले यसलाई सपादलक्ष्य खसादि राज्य सिंजाबाट विस्तार भएको मानेका छन् । बलिराज जुम्ला राज्यका पहिलो कल्याल राजा थिए । उनलाई पन्ध्रौं शताब्दीमा चन्दननाथले अभिशेष गरेर सिंहासनमा राखेका थिए । त्यसबेला त्यहाँ देवदास र देवदासी भएको, जुम्ला राज्यबाट उनीहरुलाई मागी खान पाउने व्यवस्था गरिएको र अझ यो तिहारको समय भएको संकेत त्यहाँका विभिन्न स्रोतहरुबाट पाइन्छ । देउसी भैलीमा गीतै छ- हामी त्यसै आएनौं, बलिराजाले पठाएका.... आदि भनेर । त्यस क्षेत्रमा सुरुताका देवदासले द्यौसी र देवदासीले भैली खेल्ने चलन थियो । द्यौसी तिहारभरी र भैली औंशीको दिनमा मात्र खेल्ने परम्परा हो । मूलतः तिहार पौराणिक मान्यता अनुसार भए पनि नेपालमा यसको विस्तार कर्णाली प्रदेशबाटै भएको बुझिन्छ ।

तिहारको पाँच दिन पशुपक्षी र मानिसको पूजा सम्मान र तीसँग जोडिएका मानवीय र भावनात्मक पक्ष र महत्वसँग सम्बन्धित छ । तिहारको पहिलो दिन कागपूजा हुन्छ । काग शुभ, अशुभ सन्देश बाहक पक्षी मानिन्छ । बिहान घरको अगाडि काग कराएमा मानिसले शुभबोल भनेर कागबाट शुभ सन्देशको चाहना राख्छन्, खाने कुरा दिन्छन् । यसरी काग सन्देश बाहक मात्र नभएर उसले विभिन्न कीरा फट्याङ्ग्रा, भुसुना आदि खाएर वातावरणीय स्वच्छतामा सहयोगीको भूमिका निर्वाह गर्दछ । यो पक्षी अरुजस्तो समाजबाट धेरै टाढा रहन सक्दैन । त्यस्तै कागचेष्टालाई मानिसको लागि प्रेरणादायी हुने कुरा नीतिशास्त्रले पनि बताएको छ ।

दोस्रो दिन कुकुर तिहार हो । कुकुर घरको रक्षक, आज्ञाकारी सेवक र सहयोगी घरेलु जनावर हो । यो समाजको अभिन्न अंग हो । अर्कोतर्फ यो यमराजको बाहन पनि हो । यो नरक चतुर्दशीको दिन पनि हो । नरक चतुर्दशीले यमराज (मृत्यु), मर्त्ये लोक र कुकुरलाई (मृत्युको बाहन) समेटेको छ । युधिष्ठिरसँग स्वर्ग जाने बाँकी त कुकुर मात्रै थियो । मानव जीवनको अनिवार्य सत्य मृत्यु भएकोले मृत्युसँग जोडिएको कुकुरको पूजा, सम्मान यस दिन हुन्छ । त्यस्तै स्वान निद्रालाई पनि नीतिशास्त्रले प्रेरणादायी बताएको छ । यस्ता धेरै विषयहरु कुकुरसँग जोडिएका छन् ।

तिहारको तेस्रो दिन गाई तिहार, लक्ष्मीपूजा हो । यो वैश्य परम्पराको महत्वपूर्ण दिन हो । प्राचीन समयमा गाई सबैभन्दा ठूलो धन, सम्पत्ति थियो । गाईको दही दूध, मलमूत्र अमृत समान मानिन्छ । त्यसैले यिनको प्रयोजन धेरै र महत्वपूर्ण ठाउँमा हुन्छ । वैदिक कालदेखि गाईलाई आमा पनि भनिदै आएको छ । यस दिन बिहान गाई पूजा र साँझ धनकी प्रतीक लक्ष्मीको पूजा हुन्छ । वर्षको सबै दिनभन्दा यो दिनमा बढी उज्यालो झिलिमिली, संगीतमय पूजामय हुन्छ । औँशीको रात, प्रकाशमय हुनु, बनाइनु नेगेटिभ र पोजिटिभ तत्वको फ्युजन नै हो । अँध्यारोमा धन सम्पत्ति, सुख समृद्धि र प्रकाश प्राप्त गर्ने हेतु लक्ष्मी पूजा मनोवैज्ञानिक द्योतक पनि हो । यस दिन बाटो, रुख विरुवा, घरमा झुण्ड्याइने तोरणको ठूलो महिमा हुन्छ । यस दिन बावियोको डोरीमा आँप, वर, पिपल, हजारी फूल, द्वारे फूल, जमरा आदिका पातहरु राखेर झुण्डयाउने काम परम्परा अनुसार हुन्छ । डोरीमा राख्ने बस्तुहरुको आयुर्वेदिक र वातावरणीय महत्व पनि त्यही स्तरमा छ । कतैकतै यो डोरीलाई बलिराजाको बाटोको रुपमा पनि बुझ्ने गरिन्छ ।



तिहारको चौथो दिन गोवर्धन पूजा हुन्छ । यसलाई गोरु तिहार पनि भनिन्छ । यो दिन भगवान कृष्ण, गोवर्धन पर्वत, ग्वाला, गोरु, कृषि अर्थतन्त्र आदिसँग जोडिएको हुनाले यिनको पूजा, सम्मान हुन्छ । हाम्रो जस्तो कृषि प्रधान मुलुकमा यसको महत्व टड्कारो छ । वर्तमान समयमा कृषिका लागि विभिन्न वैज्ञानिक उपकरणहरुको प्रयोग भए तापनि हाम्रो सभ्यता, इतिहास र परम्परागत संस्कृतिले कृषि कर्ममा गोरुको महत्वलाई सर्वथा प्राथमिकतामा राखेको छ । गोरुलाई समाजको पालनपोषण गर्ने घरेलु जनावर मानिन्छ । त्यसैले वर्षमा एक दिन भए पनि गोरुको पूजा गर्ने मानवीय कर्म र दायित्व बन्न गयो । त्यसैले यो कृषि युगको प्रतिनिधि दिन पनि हो । तिहारको पाँचौं अथवा अन्तिम दिनलाई भाइटीका भनिन्छ । यस दिन दिदीबहिनीले दाजुभाइको पूजा गर्दछन् । पौराणिक मान्यतामा जसरी यमुनाले दाजु यमराजको पूजा गरेकी थिइन् । त्यसैगरी दिदी बहिनीले दाजुभाइको यसै दिन पूजा गर्दछन् । यस अनुसार दिदी बहिनीले दाजुभाइलाई सप्तरंगी टीका, जमरा, मखमली माला, दुबोको माला अपामार्ग लगाइदिने, मिष्ठान्न भोजन, खानेकुरा दिने गर्दछन् र दाजुभाइले पनि त्यही स्तरमा उनीहरुलाई दक्षिणा, वस्त्र, गहना आदि दिने परम्परा छ । भाइ पूजामा प्रयुक्त सामग्रीहरु सप्तरंगी टीका, जमरा, मखमली माला, दुबोको माला अपामार्ग दीर्घायु, सुस्वास्थ्य र समृद्धिसँग सम्बन्धित छन् भने ओखर, तील, तेलको घेरा आदि दीर्घ जीवनसँग जोडिएका छन् । यी स्थायित्वका प्रतीक पनि हुन् । सप्तरंगी टीका शौभाग्यको प्रतीक मात्र होइन, यो इन्द्रेणीको प्रतीक पनि हो । यो सूर्यको द्योतक पनि हो । साथै यसको सम्बन्ध सौर्य उपासना र सौर्य उपचार (सोलार थेरापी) सँग पनि जोडिएको छ । छठ पर्वको विकास यही मान्यता अन्तर्गत भएको हो । यो पर्व र दिनले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, वात्सल्यता अझ बलियो बनाउँदछ । दिदीबहिनी नहुनेले काठमाडौँको रानीपोखरीमा रहेको बालगोपाल (यमलेश्वर महादेव) मन्दिरमा गएर टीका लगाउँछन्, तर सरकारको अकर्मण्यताले विगत वर्षझैं यो वर्ष पनि दाजुभाइले बाहिर सडकमै टीका लगाउनुपर्ने बाध्यता आइलागेको छ । नेपालका हरेक समुदायले भूगोल, इतिहास, परम्परा, अन्य समाजको प्रभाव अनुसार यो पर्व मनाउने गर्दछन् । वर्तमानमा अंशको विषयले यसमा कस्तो भूमिका खेलेको छ, त्यो सामाजिक दृश्यले इंगित गरिनै रहेको छ ।


तिहारको पाँच दिन मानव विकासक्रमसँग पनि जोडिएका छन् । विष्णुका दश अवतारमा पनि यो क्रम देखिन्छ । त्यहाँ यसलाई धार्मिक मान्यता र अवतारवादसँग जोडिएको छ । तर यसमा अवतारवादको सिद्धान्त छैन । काग मानिसको घुमन्ते जीवनसँग, कुकुर मानव सभ्यताको सिकारी अवस्थासँग, गाई पशुपालनसँग, गोरु कृषि युगसँग र दाजुभाइ अर्थात् मानिस व्यवस्थित जीवन र समाजसँग जोडिएका छन् । त्यसैले यस अर्थमा तिहारले मानव जीवनको प्रारम्भिक अवस्थादेखि विकसित अवस्थासम्मको सम्झना र सम्मान दिलाउँछ । परम्परागत रुपमा तिहारमा विभिन्न प्रकारका रोटीका परिकारहरु आवश्यक मानिन्छन् । यस प्रकारका रोटीहरुमा सेलरोटी, फिनी, अर्सा, अनरसा प्रमुख हुन् । पश्चिम नेपालमा यस समयमा जुम्ली अर्साको बढी महत्व हुन्छ । समाज र समयको परिवर्तनले यस्ता सामग्रीहरुमा भने परिवर्तन भैरहेको देखिन्छ । रोटीहरुको ठाउँमा वर्तमानमा फलफूल, मिठाई आदि प्रचलनमा छन् । तिहारको समयमा रोटी पकाउँदा घ्यू, तेलबाट आउने धुँवा र बास्नाले वातावरणीय स्वच्छता र प्रफुल्लता फैलिन्छ ।

कार्तिक शुक्ल प्रतिपदाको दिन नेवाः समुदायमा म्हः पूजा हुन्छ । म्हः पूजा भनेको आत्मिक, शारीरिक र मानसिक पूजा हो । यसै दिनदेखि नेपाल सम्वतमा नयाँ वर्ष सुरु हुन्छ । यो कार्तिकादि सम्बत हो । विक्रम सम्वत चैत्रादि सम्बत हो । नयाँ सम्बतसर सूर्यको प्रत्यक्ष गति अनुसार हुन्छ । नेपाल सम्बत प्रवर्त्तन भएदेखि सूर्य पूर्ण रुपमा दक्षिणतिर गएको मानिन्छ । यस्तो कार्तिकादि सम्बत भारतको महाराष्ट्रमा पनि छ । प्राचिन मान्यता अन्तर्गत यस क्षेत्रमा वर्ण व्यवस्थाको अवधारणा पनि छ । वर्तमानमा वर्ण व्यवस्थाको आकार, रुप, रंग, अवशेष व्यवहारिक रुपमा धेरै कमजोर भइसकेका छन् । तर पनि केहीले यहाँका चारवटा पर्वहरुलाई चारवर्णसँग जोडेका छन् । यिनमा बाहुनको ऋषितर्पणी, क्षेत्रीको दशैं, बैश्यको तिहार र व्यावसायिक समूहको होली भनी संकेत गरिएको छ । सायद चाडपर्वको अन्तरनिहित प्रकृतिको आधारमा यसो भनिएको होला । तर पनि यहाँका जति चाडपर्वहरु छन्, ती सबै नेपालीका हुन् । सबैले राष्ट्रिय महत्व पाएका छन् । सबै पर्व सबैका लागि समान छन् । सबैले सबै पर्व त्यही स्तरमा मनाउँछन् ।

नेपाली समाजमा रहेको सहिष्णुता नै विशिष्ठता हो । यहाँका चाडपर्वमा रहेका सन्देश, भावना, कर्म र जीवन पद्धति नै सवल अमूर्त संस्कृति र सम्पदा हुन् । अन्य विषय जस्तै यहाँका चाडपर्वमा पनि भौगोलिक, ऐतिहासिक, सामाजिक स्थिति, राजनीतिक निर्णय, स्थानीय उत्पादन, नागरिक स्तर, उद्यम, रोजगारीको अवस्था, परिवर्तन, संचार तथा यातायातको प्रभाव पनि प्रतिविम्बित भएको छ । अरु पर्व जस्तै तिहारमा पनि विभिन्न आयाम थपिएका छन्, बदलिएका छन्, केही बिर्सदै गएका छन् । यसमा विभिन्न सन्दर्भ, पुस्तान्तरण, बस्तुहरुमा भिन्नता (उपभोग्य र प्राप्य सामग्री) कारण छन् । पहिले शास्त्रीय मान्यतालाई महत्व दिइन्थ्यो भने वर्तमानमा आएर आफ्नो अनुकुलन, चाहना, स्वार्थलाई प्राथमिकतामा पार्न थालिएको छ । संस्कृतिको विशेषता पनि यही हो । यता आएर निम्न वर्गका लागि केही चाडपर्वहरु बोझको रुपमा पनि रुपान्तरित हुँदैछन् । यस्ता कुरामा राज्य पनि आफ्नो दायित्वबाट विमुख हुनु हुँदैन । चाडपर्व उदात्त, उमंग, स्वःस्फूर्त वातावरणमा मनाइने पर्व भएकोले यस्तो वातावरण सिर्जना हुनु आवश्यक छ । र नागरिकले पनि आफ्नो स्तर, रुचि, सामर्थ्यलाई ध्यान दिनु पर्दछ । किनभने खर्च, तडकभडक, अशोभनियता आदिको कुनै सीमा नै हुँदैन ।

*(लेखक संस्कृति केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुरमा प्राध्यापक हुनुहुन्छ )*


## हार्दिक श्रद्धाञ्जली



हाम्री रोटेरियन मित्र इन्दिरा पराजुलीकी ममतामयी माता सीतामाया पौडेलको स्वर्गारोहण भएको ६ महिनाको पुण्यतिथिमा मृतात्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं ।

**सुरेन्द्र ढकाल तथा ग्रेटर नेपाल साप्ताहिक परिवार**
तथा
**रोटरी क्लब डिल्लीबजार परिवार**